# शिक्षक र विद्यार्थीको अनुशासन सम्वन्धी अवधारणा

शिक्षाशास्त्र संङ्काय,स्नातकोत्तर तह (एम एड) दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आशिंक आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

शोध पत्र


प्रस्तुतकर्ताः

साबित्री चौलागाई

परीक्षा रोल नं : २८०१८२/०६९

त्रि.वि.दर्ता नः ९-२-४८०-१०६-२००७



त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र केन्द्रिय विभाग

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

कीर्तिपुर, काठमाण्डौ

२०७१

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन**

**केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## सिफारीस पत्र

त्रिभुवन विश्वविद्यालय,शिक्षाशास्त्र संकाय अन्तर्गत एम.एड. दोस्रो वर्षको पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि छात्रा साबित्री चौलागाई.ले मेरो प्रत्यक्ष निर्देशनमा रही “शिक्षक र विद्यार्थीको अनुशासन सम्बन्धि अवधारणा” शीर्षकमा शोध प्रस्तावना तयार गर्नु भएकोमा यस प्रश्तावनालाई मूल्याङ्कन गरी सिफारिस गरिएको छ ।

...................................

डा.उप.प्रा. विश्ववाला थापा

(शोध निर्देशक)

17 March, 2015

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रिय विभाग कीर्तिपुर स्नातकोत्तर तह दोस्रो बर्ष पाठ्यक्रम तथा मूल्यांङन बिशिष्टीकरण बिषयका छात्रा साबित्री चौलागाईले “शिक्षक र विद्यार्थीको अनुशासन सम्बन्धि अवधारणा”शीर्षकमा शोध प्रस्तावना तयार गरी आवश्यक मूल्यांकन गर्न स्वीकृतिका लागि यस समितिमा पेस गर्नु भएकोमा यस समितिबाट मूल्यांकन गरी स्वीकृत गरीएको छ ।

मूल्यांकन समिति

..................................

विभागीय प्रमुख

सह.प्रा. किरणराम रञ्जितकार

डा. उप. प्रा .विश्ववाला थापा

(शोध निर्देशक)

..................................

(बाह्रय परिक्षक)

प्रा. कुलनरसिंह श्रेष्ठ

27 March, 2015

## कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय स्नाकोत्तर तह दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्यांकन विशिविष्टकरण विषयको आशिक आवश्यकता पुरा गर्नका लागि “शिक्षक र विद्यार्थीको अनुशासन सम्बन्धि अवधारणा” शीर्षकमा शोधपत्र लेख्ने कार्य सम्पन्न गरी प्रस्तुत गरेकी छु ।

यस शोधपत्र अध्ययन कार्य सुरुदेखि अन्त्यसम्म नियमित निर्दशन र महत्वपूर्ण सुझावहरू दिई पथ प्रदर्शन गर्नहुने शोधपत्र निर्देशकउप प्रा. डा. विश्वाला थापाज्यू हार्दिक कृतज्ञता ज्ञापन गर्दछु साथै शिक्षाशासन्त्र संकाय, पाठ्यक्रम तथा मूल्यांकन शिक्षण विभागका विभागीय प्रमुख सहप्रध्यापक किरणराम रञ्जितकार, उप प्रा. शिवराज वढु प्रा. स्वयम् प्रकाश जवराज्यूलाईहार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस तथ्यांकनका लागि आवशयक तथ्यांक स्रकलन गर्ने क्रममा सहयोग पुऱ्याउने नवलपरास जिल्ला सुनवल नगरपालिकाका एउटा विद्यालयका प्र.अ. शिक्षक, विद्यार्थी तथा सम्पूर्ण विद्यालय परिवारलाई हर्दिक धन्यावद दिन चाहन्छु ।त्यस्तैगरि शोधपत्र कार्य सुरुदेखि अन्त्यसम्म नियमित सहयोग गर्ने मेरा हृदयस्पर्शी साथीहरु सीता के.सी पवित्रा थापा र कविता खनाललाई पनि हृदयदेखि धन्यवाद व्यक्त गर्न चाहन्छु । अन्त्यमा शोधपत्र टंकन गरी सहयोग पुऱ्याउने मन्दिरा टाईपिङलाई पनि धन्यावाद दिन चाहन्छु ।

शोधपत्र प्रस्तोता

सावित्री चौलागाई

## शोधसार

वर्तमान परिवेश शिक्षा क्षेत्रमा सरकारी तवरबाट अधिक खर्च गरिएता पनि अपेक्षित रूपमाशैक्षिक उपलब्धी हात पनि सकेको देखिदैन । मानव जीवनको भविष्य निर्धारण तथा मानिसले भविष्यमा के वन्ने तथा कुन लक्ष्य लिएर जीवन अगाीड वढाउने  भन्ने कुरा विद्यालय तहदेखि नै निर्धाराण हुन्छ । यसरी विद्यार्थीको पढाइ स्तरमा सुधार गर्ने विभिन्न तत्वहरू मध्ये अनुशासन पनि एक महत्वपूर्ण तत्व हो । प्रस्तुत अध्ययन शीर्षक " शिक्षक र विद्यार्थीको अनुशासन सम्बन्धी अवधारणा" नवलपरासी जिल्ला सुनवल नगरपालिका वार्ड नः ७ मा पर्ने) श्री ज्योती उच्च मा.विका कक्षा ८ र ९ का १५ जना विद्यार्थी र १० जना शिक्षकहरूमा सिमित रहेको थियो । प्रस्तुत अध्ययनका उद्देश्यहरू शिक्षक र विद्यार्थीको अनुशासन सम्वन्धी अपेक्षा पहिचान गर्नु, विद्यालयमा अनुशासनको वर्गमान अवस्थाप्रतिको दृष्टिकोण विश्लेषण गर्नु र विद्यालयमा अनुशासन सम्बन्धी समस्या र अपनाइएका समाधानका उपायहरू पहिचान गर्नुमा केन्द्रित रहेका थियो । जसको लागि शिक्षक र विद्यार्थी दुवैलाई अर्न्तवार्ता प्रश्नावली गरिएको थियो ।

अनुशासन सम्बन्धी अपेक्षालाई हेर्दा विद्यार्थीहरूमा देखिएका व्यवहारमा असल व्यवहार गर्ने, विद्यार्थीहरूले प्रश्न सोध्दा शिक्षकहरूले झर्को नमानी वताइदिने, असल व्यवहार गर्ने, विद्याथीहरूले मनोभावना वुझि शिक्षण गर्ने, प्रयोगशालाको उचित प्रयोग गरी शिक्षण गर्ने गरेका पाइयो भने शिक्षकहरूका सम्वन्धमा पनि विद्यार्थीहरू कम अनुशाशित रहेका पाइयो, शिक्षकहरूका सम्बन्धमा पनि विद्यार्थी कम अनुशाशित रहेका पाइयो, शिक्षकहरूलाई नटेर्ने, आपसमा झै-झगडा गर्न तथा विद्यालयको भैतिक व्यवस्थापन, वरिपरिको वातावरण साथैं विद्यालयमा प्रर्याप्त मात्रामा शिक्षण सामग्रीको अभावका साथै विद्यार्थीहरूको कक्षाकोठामा वसाइको व्यवस्था उचित नहुनु, साथै शिक्षकहरू पनि विषयवस्तमा पूर्ण दक्ष नरहेको पाइयो त्यस्तैगरि विद्यालयबाट पनि शिक्षकहरूलाई दिइने पारिश्रामिकले गर्दा पनि शिक्षकहरू शिक्षण कार्य प्रति पूर्णता दिन नसकेको हो की? भन्ने कुराहरू पाइयो । कक्षाकोठामा प्रत्यक्षरूपमा गई अवलोकन गर्दा केटाहरूभन्दा केटीहरू वढी अनुशाीसत पाइयो । अनुशासन सुदृढरूपमा संचालन गर्न शिक्षक-विद्यार्थी सक्रियताको महत्वपूर्ण भूमिका निभाएको पाइयो । कक्षाकोठामा अनुशासन संख्याात्मक रूपमा राम्रो देखिए पनि सानो संख्याका गैर अनुशाशित शिक्षक तथा विद्यार्थीका कारण असल शिक्षक तथाविद्यार्थीको कक्षा कार्यमा बाधा पारेका देखियो ।

विद्यालयमा अनुशासन सम्वन्धी समस्या र अपनाइएका समाधानका उपायहरू तथा अनुशासन कायम गर्न विद्यार्थी प्रोत्साहन तथा दण्ड, विद्यार्थी शिक्षक र शिक्षक-विद्यार्थी वीचको सम्बन्ध, शिक्षक विद्यार्थी आचारसंहिताको निर्माण र प्रयोग, अनुशासित विद्यार्थीलाई र शिक्षकलाई पुरस्कार र प्रमाण पत्रको साथै छात्रवृत्ति प्रदान गरिनुपर्ने देखियो ।

यसरी शिक्षक तथा विद्यार्थीमा देखिएका व्यवहारका आधारमा उनीहरूमा राम्रा व्यवहारलाईअझै राम्रो र नराम्रा व्यवहारलाई राम्रा व्यवहारमा रूपान्तरण गर्न निम्न क्रियाकलापहरू गर्नु पर्ने देखिन्छ । शिक्षक विद्यार्थी वीचको सम्बन्ध हरेक गुरु चेलाको जस्तो हुनुपर्ने, अनुशाशित शिक्षक तथा विद्यार्थीलाई प्रमाण पत्र तथा पुरस्कार प्रधानाध्यापकबाट पर्ने, सरकारी तवरवाट पनि अनुशासन तथा नैतिक

शिक्षासम्बन्धी नितिनियम, शिक्षक तथा विद्यार्थी आचारसंहिताको पालना तथा कार्यन्वयन र विद्यालय निरीक्षण तथा अनुगमन गरिनुपर्ने साथै अभिभावकहरूले पनि आफ्ना छोरीछोरीको शैक्षिक उपलब्धी समय-समयमा हेरी शिक्षक तथा प्र.अ संग अनुशासनलाई अझै उचाइमा पुऱ्याउन तथा अनुशासन कायम गरी विद्यार्थीको भविष्य उज्जवल गर्न सहयोग हुने देखिन्छ ।

## विषयसूची


सिफारिस पत्र i

स्वीकृति पत्र ii

कृतज्ञताज्ञापन iii

शोधसार iv

विषय सूची vi

**परिच्छेद एक : परिचय** **१-७**

१.१ पृष्ठभूमि १

१.२ समस्याको कथन ५

१.३ अनुसन्धान प्रश्नहरू ५

१.४ अध्ययनको उद्देश्य ६

१.५ अध्ययनको औचित्य ६

१.६ अध्ययनको सीमा ६

१.७शब्दावलीका परिभाषहरू ७

**परिचछेद दुई : समबन्धित साहित्यको अध्ययन** **८-२५**

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन ८

२.२ सम्बन्धित साहित्यको पुनरावलोकन २०

२.३ अवधारणात्मक ढाँचा २३

**परिच्छेद तीन : अध्ययन विधि** **२६-२८**

३.१ अनुसन्धान ढाँचा २६

३.२ नमुना छनौट प्रकिया २७

३.२.१ विद्यालय छनौट २७

३.२.२ विद्यार्थी छनोट २७

३.२.३ शिक्षकहरूको छनौट २७

३.३ अध्ययनका साधनहरूको निर्माण २७

३.३.१ खुसतथ अर्न्तवार्ता प्रश्नहरु . . . . . . २७

३.३.२ अवलोकन फारम निर्माण २८

३.४ सूचना संकलन प्रकिया २८

३.५ सुचनाको विश्लेषण प्रकिया २८

**परिच्छेद चारः सूचनाहरूको विश्लेषण र व्याख्या** **२९-३८**

४.१ शिक्षक र विद्यार्थीको अनुशासन सम्बन्धी अपेक्षा ३०

४.१.१ अवस्थाअनुसार शिक्षक तथा विद्यार्थीहरूमा हुनुपर्ने व्यवहारहरू ३२

४.१.२. कक्षाकोठाभित्र विद्यार्थीहरूमा देखिएका व्यवहारहरू ३३

४.२. विद्यालयमा अनुशासनको वर्तमान अवस्थाप्रतिको दृष्टिकोण विश्लेषण गर्नु ३४

४.२.१. शिक्षण सिकाई क्रियाकलाप ३४

४.२.२. विद्यार्थी शिक्षकबीचको सम्बन्ध ३४

४.२.३. शिक्षक प्रति विद्यार्थीको धारणा, विद्यार्थीप्रति शिक्षकको धारणा ३५

४.२.४ विद्यार्थी सकृयता ३५

४.३ अनुशासन सम्बन्धी समस्याहरू ३५

४.३.१ कक्षा छोड्न समस्या ३६

४.३.२ शिक्षणका क्रममा देखिएका समस्या ३६

४.४ अनुशासन कायम गर्न अपनाइएका उपायहरू ३६

४.४.१ विद्यार्थीलाई प्रोत्साहन तथा दण्ड समाज ३७

४.४.२ शिक्षक तथा विद्यार्थी आचार संहिताको निर्माण र प्रयोग ३७

**परिच्छेद :- पाँच : प्राप्ती, निष्कर्ष र सुझावहरू** **३९-४१**

५.१ प्राप्ती ३९

५.२ निष्कर्ष ४०

५.३ सुझावहरू ४०

**सन्द्रभसूची** **४२-४४**

**अनुसूची**

## परिच्छेद - एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

कुनै पनि कार्य सफल रूपमा संचालन गर्नका लागि सिलसिलावद्ध क्रियाकलाप आवश्यक हुन्छ । मेरो अनुभवमा कुनै पनि कार्यलाई अर्थात मानव जीवनलाई सफल बनाउनका लागि अनुशासनको महत्वपूर्ण हात रहेको हुन्छ किनभने म पनि घरमा विहानदेखि बेलुकासम्म घरको निश्चित नियममा बाँधिएर दैनिक क्रियाकलापहरू संचालन गर्दछु जसले गर्दा म मेरो दैनिक क्रियाकलापमा सफल भइरहेकी छु । विद्यालयमा पनि अनुशासनको नियममा रहेर म सधैँ आफ्ना क्रियाकलापहरू गर्दथे, शिक्षकको आज्ञापालन गर्नु, ठूलालाई सादरआदर गर्ने, सानालाई माया गर्ने, वृद्धवृद्धालाई आदरसत्कार सहयोग गर्ने गर्दथे जसले गर्दा मलाई दैनिक रूपमा सफलतातर्फ लम्कन प्रेरित गरेको थियो र अहिले पनि गरिरहेको छ ।

अनुशासन एउटा घरपरिवार भित्रमात्र सीमित नभई विद्यालय खेलमैदान, प्रहरी प्रशासन, सैनिक संगठन, धार्मिक स्थल, अस्पताल आदि हरेक क्षेत्रमा आवश्यक पर्दछ । अनुशासनले मानिसलाई कर्तव्यनिष्ठ र धैर्यवानका साथै सहनशील बनाउन उत्प्रेरित गर्दछ । अनुशासनले मानिसलाई नैतिक र चरित्रवान बनेर शिक्षा आर्जन गर्न सिकाउँछ । त्यसैले अनुशासन विनाको मानिस लगाम विनाको घोडा जस्तै हुन्छ भन्ने गरेको पनि पाइन्छ । वर्तमान परिवेशमा शिक्षा क्षेत्रमा सरकारी तवरबाट अधिक खर्च गरिएता पनि अपेक्षित शैक्षिक उपलब्धि हात पर्न सकेको देखिँदैन । मानव जीवनको भविष्य निर्धारण तथा मानिसले भविष्यमा के बन्ने तथा कुन लक्ष्य लिएर जीवन अगाडि बढाउने भन्ने कुरा विद्यालय तह देखि नै निर्धारण हुन्छ ।

अनुशासन नेपाली शब्दको अनु + शासन मिली बनेको हो । 'अनु' भनेको आफू र 'शासन' भनेको चल्नु हो । यसरी आफूलाई आफैले शासन गर्नु वा संयमित रूपले चलाउनु नै अनुशासन मानिन्छ । अनुशासन भनेको समय र नियमको पालना गर्नु, समय अनुसार चल्नु र आफ्नो कर्तव्यबाट विचलित नभइ कार्य निर्वाह गर्नु हो । व्यक्तिमा हुनुपर्ने कुशलता, नैतिकता, सरलता, स्पष्टता, असल चरित्र, सहनशीलता, उदारता, स्वार्थरहित भावना, आदर्शता, कर्तव्यपरायण जस्ता गुणले अनुशासनलाई संकेत गर्दछ ।

नेपाली वृहत शब्दकोश (२०६७) का अनुसार अनुशासनको अर्थ सामाजिक, धार्मिक, कानुनी मूल्य र मान्यता भित्र रही कर्तव्य निर्वाह गर्ने कार्य, आर्दश आचरण र त्यसको पालना, मान्यवस्तु र मान्यजन प्रतिको आस्था, शिक्षा, तालिम, शिक्षण, शिक्षण क्रियाको एक पद्धति, आफूभन्दा सानालाई काबुमा राख्ने अदप र नियमितता, सुव्यवस्था, शान्तिसुरक्षा आदि हुन् ।

यसरी नेपाली  वृहत शब्दकोशले विभिन्न रूपमा अर्थाएता पनि समग्रमा भन्नुपर्दा अनुशासन एउटा आर्दश आचरण, मूल्य मान्यता भित्र रहि कर्तव्य निर्वाह गर्ने कार्य, मान्य जनप्रतिको आस्थालाई बुझाउँछ ।

त्यस्तैगरी अक्सफोर्ड डिक्सनरी (सातौं प्रकाशन) का अनुसार अनुशासनको अर्थ मस्तिष्क, शरीर, व्यवहार, नियन्त्रणको लागि तालिमको लागि एउटा विधि नै अनुशासन हो, व्यवहार नियन्त्रण गर्ने क्षमता तथा जीवन जिउने कला/तरिका नै अनुशासन हो र ज्ञानको एउटा अंग, मानिसहरूले अध्ययन गर्ने विषय वा पढाइने विषय हो ।

अनुशासनलाई ३ प्रकारमा विभाजन गरेर पनि अध्ययन गरेको पाईन्छ । - Feb 10,2010 (किरणराम रञ्जितकार)

१) निरंङ्कुश वा अधिकारवादी अनुशासन

२) उदारवादी अनुशासन

३) प्रजातन्त्रवादी अनुशासन

निरंङ्कुश वा अधिकारवादी अनुशासन भन्नाले अरुको निश्चित नियममा बाँधिएर निश्चित घेरामा बस्ने अनुशासनलाई बुझिन्छ । यस्तो खालको अनुशासनमा आफ्नो इच्छा अनुसार नचलि निश्चित नियमका आधारमा चल्नु भन्ने बुझिन्छ । यस्तो अनुशासनले बालबालिकालाई निश्चित नियम भित्र सिमित राख्दछ । त्यस्तै उदारवादी अनुशासन भन्नाले स्वतन्त्र विचार भन्ने बुझिन्छ । बालबालिकाको आफ्नो इच्छा अनुसार गरिने व्यवहारहरू उदारवादी अनुशासन अर्न्तगत पर्दछन् । त्यस्तै प्रजातन्त्रवादी अनुशासन भन्नाले पनि उदारवादी अनुशासन जस्तै हो यसमा पनि बालबालिकाहरूले आफ्नो इच्छा अनुसार सकारात्मक व्यवहार प्रर्दशन गर्नु हो । यसमा कुनैपनि निश्चित नियमहरूमा सिमित रहनुपर्दैन I बालबालिकाहरूलाई स्वतन्त्र वातावरणमा सिक्ने अवसर प्राप्त हुन्छ । ( ज. ब .रा. स्यंम प्रकाश, शिक्षाका आधारहरू वि.एड )

यस सन्दर्भमा अनुशासन भन्नाले सकारात्मक व्यवहार प्रदर्शन गर्ने विधि, तरिका वा कला हो । विश्व परिवेशलाई हेर्दा अनुशासनको आवश्यकता दिनप्रतिदिन बढ्दै गइरहेको पाइन्छ । विश्वमा एक देशले अर्को देशप्रति गर्ने मैत्रीपूर्ण र सहयोगी भावनाको विकास गराउन अनुशासनको पाठ सिकाउन जरुरी छ । एक देशले अर्को देशको कदर, सम्मान जस्ता मानवीय गुणको विकास गराउन अनुशासनको आवश्यकता पर्दछ । विश्व समुदायमा अनुशासन कायम गराउने संस्थाको रूपमा संयुक्त राष्ट्र संघको गठन १९४५ मा भएको थियो । जसले मानव अधिकार, बालअधिकार, श्रमिक अधिकार जस्ता सन्धि सम्झौता गरी निश्चित नीति नियमहरूको वैधानिक रूपमा पालना गर्न प्रत्येक देशलाई आग्रह गरेको छ । त्यस्तै दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को स्थापना गर्न १९८५ पश्चात सार्क मुलुकहरूको आपसी सद्भाव, व्यवहार, व्यवसाय तथा अन्य विविध कार्य गर्न गठन भई यसले सार्क मुलुकहरूमा खेलकुद, व्यापार, व्यवसाय, मैत्रीपूर्ण भावना आदि कायम गराउँदै आएको पाइन्छ ।

विद्यालय अनुशासनले विद्यार्थीहरूको नैतिकता र चरित्रता विकास गर्नुका साथै कर्तव्यनिष्ठ बन्न उत्प्रेरित गर्दछ । त्यसैले कुनै पनि देशको नागरिकलाई असल, नैतिकवान र चरित्रवान बनाउन त्यस देशको शिक्षा प्रणाली र शिक्षकहरूमा नै भर पर्दछ । कक्षा अनुशासनको नै विद्यार्थीलाई असल, गुणवान तथा कर्तव्यनिष्ठ बनाउन सहयोग गर्दछ । कक्षा अनुशासनले विद्यार्थीलाई संयम, धैर्यता, सहनशीलता साथीहरूसँग मिलेर बस्ने, गुरुहरूको आदर सम्मान गर्ने र भनेको मान्ने जस्ता आदि कार्यले गर्दा उनीहरूलाई ज्ञान आर्जन गर्न सहयोग पुग्दछ ।

कक्षा अनुशासन राम्रो भएन भने असल शिक्षा आर्जन कसैले पनि गर्न सक्दैन किनकी उसले विद्यालयको आचारसंहिता पालना गर्नुपर्दछ । आचारसंहिता पालना नगर्ने विद्यार्थी विद्यार्थीको रूपमा रहन सक्दैन । विद्यालयमा प्रवेश गरिसकेपछि विद्यालय भित्रको अनुशासनमा रही उसले ज्ञान प्राप्त गर्न सक्दछ कक्षा अनुशासनले विद्यार्थीहरूमा शिक्षकहरूसँग गर्ने व्यवहार, साथीहरूसँग गर्ने व्यवहार, बुबाआमासँग गर्ने व्यवहारहरू फरक फरक हुन्छन् । विद्यालयले निर्दिष्ट गरेको अनुशासन भित्र नियमित रूपमा विद्यालय पोशाक लगाउनु पर्ने, नियमित रूपमा हाजिर हुनुपर्ने, साथीहरूसँग मिलेर बस्नुपर्ने, शिक्षकहरूको आज्ञापालना गर्नुपर्ने, दिएका गृहकार्यहरू नियमित रूपमा गर्नुपर्ने साथै विद्यालयका सम्पूर्ण नीति नियमहरू भित्र रहेर कक्षा अनुशासनलाई पालना गर्नुपर्ने हुन्छ । यदि कक्षाभित्र विद्यार्थीहरूले अनुशासनको पालना गरेनन् भने ऊ कहिल्यैपनि शिक्षामा सफल हुन सक्दैन । त्यसैले कक्षाभित्र जसरी विद्यार्थीहरूले आफ्नो अनुशासन पालना गर्नुपर्ने हुन्छ । त्यसैगरी शिक्षकहरूले पनि आफ्नो दायित्व तथा अनुशासन पालना गरी कर्तव्यनिष्ठ भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । यसरी कक्षामा विद्यार्थीहरूका लागि शिक्षक एक नमुनाका रूपमा रहनुपर्दछ । विद्यार्थीहरूले शिक्षकहरूलाई आर्दश व्यक्तित्वका रूपमा लिएर उनीहरूले अनुशासनको अनुकरण गर्न लगाउनुपर्दछ ।

शिक्षा नियमावली (२०५९)विद्यार्थीका निश्चित आचारसंहिताको व्यवस्था गरेको छ । आचारसंहिता भनेको मानिसलाई अनुशासनमा बाँध्ने एक प्रकारको नियम हो । शिक्षा नियमावली २०५९ ले शिक्षक तथा विद्यार्थीले पालना गर्नुपर्ने नियमहरू निम्नानुसार छन् :

विद्यार्थीले पालना गर्नुपर्ने नियमहरू शिक्षकको आज्ञापालना र आदर गर्नुपर्ने, विद्यालयवा बाहिर जुनसुकै ठाउँमा अनुशासनमा बस्नुपर्ने, विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रूपमा भाग लिनुपर्ने, विद्यालय व्यवस्थापन समितिले निर्धारण गरेको अन्य आचारसंहिता पालना गर्नुपर्ने आदि । त्यस्तै गरी शिक्षकहरूले पालना गर्नुपर्ने नियमहरू, आफूलाई खटाइएको ठाउँमा गई तोकिएको काम गर्नुपर्ने, निर्धारित समयमा नियमित रूपले विद्यालयमा आए गएको समयमा हाजिर हुनुपर्ने, आफ्नो सेवासम्बन्धी कुरामा मतलब साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवान्छिनीय प्रभाव पार्नु वा प्रभाव पार्ने प्रयत्न गर्नु नहुने, नेपाल सरकार वा अन्य विदेशी राष्ट्रसँगको सम्बन्ध खलल पार्ने कार्य नगर्ने, विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन अध्यापनलाई आफ्नो मुख्य लक्ष्य सम्झनु पर्ने, आज्ञाकारिता, अनुशासन, सद्भाव, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सचरित्रतालाई प्रोत्साहन गर्ने, कुनै भाषा, धर्म तथा समुदाय विरोधी भावना शिक्षक तथा

विद्यार्थी वर्गमा फैलाउन नहुने,नेपाल अधिराज्यको सार्वभौम सत्ता र अखण्डतामा आँच आउने कार्य गर्नु नहुने आदि रहेका छन् ।

यसै सन्दर्भमा शिक्षा मन्त्रालयबाट निर्दिष्ट गरिएका उपरोक्त नियमावलीहरू कार्यान्वयन हुन सकिराखेका छैनन् । आफ्नै विद्यार्थीबाट शिक्षकहरूले अपमानित, अपहेलित तथा पिडाबोध खेपिरहेका छन् । प्रचलित ऐन कानुन कागजमा मात्र सीमित रही कार्यान्वयन हुन नसक्दा वर्तमान अवस्थामा विद्यालयमा विद्यार्थी अनुशासनको अवस्था एकदमै खस्केको अवस्थामा रहेको देखिन्छ । साथै विद्यालय प्रशासनले कक्षा अनुशासनलाई कडाइका साथमा लैजानुपर्दछ जसले गर्दा कक्षाकोठाको अनुशासन व्यवस्थित भई कक्षा अनुशासनमा सुधार भई सफल शिक्षण क्रियाकलाप संचालन हुन्छ ।

हाम्रो देशको सन्दर्भमा कुरा गर्दा यहाँका शिक्षक तथा विद्यार्थीहरूमा अनुशासनको कमि तथा कक्षाकोठा वा विद्यालय परिसरमा अनुशासनको अवस्था खस्किदै गइरहेको पाइन्छ । देशमा समयसमयमा भइरहेको राजनैतिक परिवर्तन, चक्का जाम, आन्दोलन, बन्द, हड्ताल जस्ता विभिन्न क्रियाकलापहरूले शिक्षा क्षेत्र पनि प्रभावित हुन पुगेको देखिन्छ जसले गर्दा यहाँको शैक्षिक उपलब्धि न्यून हुँदै गएको देखिन्छ । शिक्षा क्षेत्रमा सरकारले लगानी गरे बमोजिमको उपलब्धि भेटिन सकेको देखिँदैन । देशको भौगोलिक विकटता, रुढिवादी परम्परा, व्यवसायिक एवं प्राविधिक शिक्षाको कमी, शिक्षा नीति अष्पष्ट आदि विभिन्न कारणहरूले गर्दा शिक्षा क्षेत्र प्रभावित भएको पाइन्छ ।

## १.२ समस्याको कथन

नियम कानुनको दायराभित्र रहेर आफ्नो कर्तव्य पालना गर्नु नै अनुशासन हो । प्रत्येक विद्यार्थीहरूमा सानैदेखि असल आचरण र बानीको विकास गर्न सकेमा मात्र व्यक्तित्व विकास सम्भव छ । यदि विद्यार्थीहरूको अनुशासनमा ध्यान दिइएन भने भोलीका दिनमा उनीहरूमा अनुशासन हिनता बढ्दै जान्छ । उनीहरूमा नराम्रा क्रियाकलापमा संलग्न हुँदै जान्छन् । जसरी देशको कानुन कमजोर रह्यो भने देश राम्ररी संचालन गर्न सकिँदैन त्यसैगरी नै शैक्षिक संस्थामा अनुशासन पक्ष कमजोर रह्यो भने ठूलो शैक्षिक क्षति हुन जान्छ । त्यसैले विद्यालयमा कक्षा अनुशासनको ज्यादै महत्व छ । वर्तमान परिवेशमा शिक्षा क्षेत्रमा ठूलो रकम खर्च गरिएता पनि विद्यार्थी आचारसंहिता र शिक्षक आचारसंहिता भित्र रही कार्य गरिरहेका देखिँदैनन् जसको परिणाम शैक्षिक उपलब्धिमा आशा गरे अनुसारको उपलब्धि हात पर्न सकिरहेको देखिँदैन ।

कक्षा अनुशासन हिनताले विद्यार्थीको पठनपाठनमा प्रत्यक्ष असर पारिरहेको हुन्छ । कक्षाकोठामा विद्यार्थीहरूले अनुशासन सिक्नमा कस्तो भूमिका खेलेको हुन्छ । अनुशासन र पठनपाठनमा के कस्तो सम्बन्ध छ

भन्ने कुराको जवाफ प्राप्त गर्नुपर्ने भएकाले यसलाई समस्याको रूपमा लिइएको छ । त्यसैले त्यो अध्ययनको शीर्षक  शिक्षक र विद्यार्थीको अनुशासन सम्बन्धि अवद्यारणा" चयन गरिएको थियो ।

### ३.१ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनमा अनुसन्धानात्मक प्रश्नहरू निम्नानुसार राखिएको थियो :

- विद्यालयका लागि अनुशाासन भन्नाले के बुभनुहुन्छ ?
- विद्यालयमा अनुशासन सम्बन्धमा शिक्षकहरूका अपेक्षाहरू के हुन्छन् ?
- बिद्यालयको वर्तमान अनुशासनप्रति शिक्षकहरूको धारणा के हो ?
- बिद्यालयको वर्तमान अवस्थाप्रति अनुशासनको धारणा के कस्तो रहेको छ
- विद्यालयमा  अनुशासन कायम गर्न आइपरेका समस्याहरू के के हुन् सक्दछन् ?
- अनुशासन कायम गर्दा आइपर्ने समस्याहरूको समाधान गर्न के के उपायहरू अपनाउन सकिन्छ ?

यि र यस्ता विभिन्न पक्षहरूलाई समावेश गरी शिक्षक र विद्यार्थीको अनुशासन सम्बन्धी अवधारणाको अध्ययन गर्ने प्रयत्न गरिएको थियो ।

### १.४ अध्ययनको औचित्य

व्यक्ति र समाजमा मानवता विरोधी भावनाको हावी हुनु, दिनदिनै मान्छे अपहरण हुनु, वेपत्ता पारिनु, सोभ्फा-साभ्फा चेलीहरू बेचिनु, बलात्कृत हुनु, मारिनु जस्ता कुकार्यहरू अनुशासन हीनताका उपज हुन् । त्यसैले यस्ता खालका कार्यहरूलाई रोक्नका लागि विद्यालय तह देखि नै विद्यार्थीहरूमा कक्षा अनुशासनको पाठ सिकाउन जरुरी छ । विद्यार्थीहरूमा नैतिकता, सचरित्रताको विकास गर्नका लागि सुरुदेखि नै विद्यार्थीहरूलाई उचित किसिमका शिक्षा, दिक्षा, नीति नियमहरू सिकाउन जरुरी हुन्छ । त्यस्तै शिक्षकहरू पनि शिक्षक आचारसंहिता भित्र रही अध्ययन अध्यापन कार्य गर्न गराउन जरुरी हुन्छ ।

विद्यालयमा विद्यार्थीहरूलाई अनुशासनको दायरामा राख्न सकिएन भने उनीहरूले एक आपसमा छाडा शब्द बोल्ने, धुम्रपान, मद्यपान साथै कुलतमा फस्न सक्ने हुन्छन् । यसरी विभिन्न किसिमका अनुशासनहीन कार्यहरू बढी रहेका हुनाले यसको बारेमा अध्ययन गर्न खोजिएको छ । यसरी अध्ययनबाट प्राप्त सुचनाहरूको आधारमा आवश्यक सुधार प्रक्रिया अवलम्बन गरी हुन सक्ने सम्भावित खतराबाट समयमै बचाउन र त्यस्ता कार्यबाट मुक्त गर्न यो अध्ययन औचित्यपूर्ण ठहरियो ।

"शिक्षक र विद्यार्थीको अनुशासन सम्बन्धि अवधारणा" अध्ययनको शीर्षकले विद्यालय प्रशासनलाई अनुशासन सम्बन्धी समस्या समाधान गर्नका लागि सहयोग पुऱ्याउने छ । यस अध्ययनले विद्यार्थीहरूका अभिभावकहरूलाई आफ्ना छोराछोरीको व्यवहार सुधार गर्दै मार्गदर्शनका लागि उपयोगी हुनेछ । विद्यालयमा

शिक्षण गर्ने शिक्षकका लागि, विद्यार्थी अनुशासन कायम गराउन आवश्यक कदमहरू पहिचान गर्नका लागि सहयोग पुऱ्याएको छ ।

## १.५ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- शिक्षक र विद्यार्थीको अनुशासन सम्बन्धि अपेक्षा पहिचान गर्नु,
- विद्यालयमा अनुशासनको वर्तमान अवस्थाप्रतिको दृष्टिकोण विश्लेषण गर्नु,
- विद्यालयमा अनुशासन सम्बन्धि समस्या र अपनाइएका समाधानका उपायहरू पहिचान गर्नु,

## १.६ अध्ययनको सिमाङ्कन

यस अध्ययनका लागि आवश्यक पर्ने स्रोत साधन र समयलाई ध्यानमा राखी यो अध्ययनको सिमाङ्कन निम्न क्षेत्रमा सीमित गरी अध्ययन गरिएको थियो ।

- यो अध्ययनको क्षेत्र लुम्बिनी अञ्चलको रूपन्देही जिल्लाका विद्यालयहरू मध्ये १ वटा विद्यालयमात्र मात्र सीमित गरिएको थियो ।
- यो अध्ययन शिक्षक तथा विद्यार्थीहरूको व्यवहारहरूमा मात्र सीमित गरिएको थियो ।
- विद्यार्थी र शिक्षकको लागि अन्तर्वार्ता निर्देशिका प्रश्नावली तयार गरी तथ्यांकहरू संकलन गरिएको थियो ।
- विद्यालयसगँ सम्बन्धित १० जना शिक्षक र १५ जना विद्यार्थीहरूमा मात्र यो अध्ययन सिमित गरिएको थियो ।
- अध्ययनको छनोटमा परेको विद्यालयको कक्षा ८ र ९ मा मात्र यो अध्ययन सिमीत गरिएको थियो ।

## १.७ विशिष्ट शब्दावलीको परिभाषा

**अनुशासन**: समाजले बनाएका नियम कानुनहरूको पालना गर्नु नै अनुशासन हो ।

**विद्यार्थी अनुशासन** : विद्यार्थी आचारसंहिता अनुकूल गर्नुपर्ने विद्यार्थी क्रियाकलाप ।

**शिक्षक अनुशासन** : शिक्षक आचारसंहिता अनुकूल गर्नुपर्ने शिक्षक क्रियाकलाप ।

**स्वीकृत व्यवहार** : अनुशासन भित्र रहेर गरिने असल व्यवहार ।

**अस्वीकृत व्यवहार** : अनुशासनको परिधि बाहिर रहेर देखाउने खराब व्यवहार ।

# परिच्छेद - दुई

## सम्बन्धित साहित्यको अध्ययन

कुनै पनि अनुसन्धान ज्ञानको निश्चित धरातलमा रहेर गरिन्छ । अनुसन्धान गर्नका लागि अनुसन्धान कर्तामा पूर्व स्थापित सिद्धान्तको ज्ञान हुनु आवश्यक हुन्छ । सम्बन्धित साहित्यको समीक्षाले अनुसन्धानकर्ताले जान्न खोजेको, अध्ययन गर्न खोजेको र अनुसन्धान कार्यमा कुनै पनि प्रयास नगरिएको कुराको अध्ययन गर्ने कार्यको लागि ज्ञान दिन्छ । सम्बन्धित साहित्यको समीक्षाले नै अनुसन्धानात्मक कार्यमा निरन्तरता प्रदान गर्ने र विगतमा भएको अनुसन्धानको आवश्यक नक्कल हटाउन सहयोग गर्दछ । उपरोक्त महत्वलाई मध्यनजर राख्दै सैद्धान्तिक तथा अनुसन्धानात्मक साहित्यको निम्नानुसार पुनरावलोकन गरिएको थियो ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

अध्ययन अनुसन्धान कार्य सुसम्पन्न गर्नका लागि विभिन्न किसिमका त्यस शीर्षकसँग सम्बन्धित खोज, अनुसन्धान बारे अध्ययन गर्नु अनिवार्य हुन्छ । कक्षा अनुशासन विद्यालयमा धेरै समयदेखि लागु भएता पनि त्यससँग सम्बन्धित शीर्षकमा विभिन्न अनुसन्धानहरू कमै भएको पाइन्छ । शैक्षिक क्षेत्रमा कक्षा अनुशासन तथा शैक्षिक उपलब्धि एक अर्काको परिपूरक भएता पनि यस शीर्षकमा अनुसन्धानहरू खोज भएको पाइदैन ।

जिवन्त अनुभव विशेषत कक्षाकोठाको लागि चाहिने अनुशासनको अभ्याससगं सम्वन्धित थियो । व्यवहारवादी प्रवृति विशेष गरि विशेष खालको अवलोकन गर्न सकिने व्यवहारमा केन्द्रित भएको हुन्छ । जुन मोडेल तल छलफलमा प्रस्तुत गरिएको छ । उक्त मोडेलले सिक्न खोज्ने व्यक्तिको व्यवहारलाई इङ्गित गर्छ र उक्त व्यवहार तिनीहरूको वरिपरिको वातावरणले निर्धारण गर्दछ तर ती मोडेलहरू देख्न अथवा अनुभव गने सकिने परिवर्तनिय व्यवहारसगं वढी केन्द्रित भएको पाईन्छ ।

जोन्सको व्यवस्थापन मोडेल कक्षाकोठाको व्यवस्थापन सम्वन्धि तालिका कार्यक्रम मोडेल अर्न्तगत कक्षाकोठाको अवस्था सधैभरि एकनासको नहुने भएकोले धेरै किसिमका तरिकाहरूको आवश्यकता पर्छ । यो मोडेलले दुईवटा पक्ष व्यवहारवाद र बुझ्न सक्ने क्षमताको अवसरलाई खुला गरेको छ । प्रत्येक मोडेलले कक्षाकोठामा हुने अनुशासन सम्बन्धि समस्याहरूलाई घटाउने र उत्पादकलाई बढाउने काम गरेको पाईन्छ । यी मोडेललहरूलाई सही तरिकाले उपयोग गरेमा सफल भएको मानिन्छ तर गलत तरिकाले उपयोग गरेमा विफल भएको मानिन्छ । जोनका अनुसार शरीरको हाउभाउ र व्यवहारले विद्यार्थीको बुझाई क्षमतामा सहयोग पुग्दछ ।

जोन्सले शिक्षाविदहरूलाई निम्न कुराहरू सुझाएका छन् ा

उनीहरूले कक्षाकोठामा व्यवस्थीत सिकाईको वातावरण बनाउनुपर्छ,उनीहरूले उपयूक्त निर्देशनात्मक तरिका गतिविधिहरू प्रयोगगरि कसरी नियन्त्रण गर्ने भन्ने सिक्नुपर्दछ । उनीहरूले संरचना र सहयोगी वातावरण

बनाउनुपर्दछ । दूर्व्यवहार भएको अवस्थामा उनीहरूले उपयुक्त पूर्व तयारीको विकाश गर्नुपर्दछ । (Burden 1995, P. 50)

विद्यालय अनुशासनको सिद्धान्तमा जोनको तर्कअनुसार कक्षाकोठामा बाधा अवरोध पुर्‍याउने विद्यार्थीहरूको निगरानीमा सम्पूर्ण सिकाई समयको ५० प्रतिशत समय शिक्षणमा शिक्षकहरूले खर्च गरेका छन् । खर्च भएको शिक्षण समय प्राप्तीको लागि प्रभावकारी शारीरिक हाउभाउ, उत्साह, वृद्धि र व्यक्तिगत सहयोग प्रयोग गर्न सकिन्छ । प्रभावकारी शारीरिक हाउभाउ जस्तो शारीरिक संरचना, आँखाको सम्पर्क, अनुहारले पनि राम्रो अनुशासन कायम गर्छ भनि उनले पुष्टाएकाछन् ।

जोन्सले (१९८७ : ८५) भन्छन् (शारीरिक हाउभाउ भावनाको भाषा हो त्यसैले अनुशासन ९० प्रतिशत प्रभावकारी शारीरीक भाषा हो । जोन्सको बिचार अनुसार अधिकांश दुर्व्यवहार शिक्षकबाट टाढा नै हुनेगर्दछ भनि उनले टिपोट गरेका छन् । शिक्षकहरू प्राय उच्छृङखिल विद्यार्थीहरूलाई कक्षाकोठाको अगाडि बसुन् भन्ने चहान्छन् । ईन्सेन्टीसीम प्रणाली यस्तो एउटा तरिका हो जुन व्यक्ति आफैमा हुदैन तर जसले शिकाइमा उत्प्रेरणा जगाउँछ । सबै शिक्षकहरूलाई राम्ररी थाहा छ की जागरुक र उत्साही विद्यार्थीहरूले विद्यालयको काममा तत्परता देखाउँछन् जसले गर्दा काम गर्दा धेरै सिक्ने तथा अनुशासनसंग सम्बन्धित समस्याहरू पनि कम हुन्छन् । शिक्षकहरूको दिर्घकालिन प्रतिबद्धता वा आवश्यकता नै यस प्रारूपको मूख्य चासो हो । यो वास्तबिक उपचारको विधि भएको हुनाले प्रयाप्त समयको आवश्यकता पर्दछ । इन्सेन्टीमले विद्यार्थीको व्यवहार राम्रो वनाउँछ र उत्साहित शिक्षकहरूलाई शिक्षकहरूलाई उत्साहित गर्न सक्षम हुने अवस्थामा ल्याउँछ भन्ने प्रारूपको मान्यता हो । विद्यार्थीहरूको उच्छृङखल गतिविधिहरू व्यवस्थापन गर्न दक्षता उत्साह र प्रभावकारी शिक्षकहरूमा देखिने गर्दछ ।

त्यस्तैगरि कर्विन र मेन्डलर (१९९९) ले कक्षाकोठामा हुने बानी व्यवहारलाई विद्यार्थीको आशा र सम्मानजनकको अवस्थालाई बढाउने कुरा उल्लेख गरेका छन् । यस प्रारूपले शिक्षकको महत्वपूर्ण जिम्मेवारीले विद्यार्थीलाई सहयोग पुग्दछ । शिक्षकले आफ्नो तर्फबाट विद्यालय जाने काम आफैमा विद्यार्थीको लागि फईदाजनक छ भन्ने कुराको सन्देश विद्यार्थी माझ प्रवाह गर्नुपर्छ । कर्विन र मेन्डरले मानव जीवनको महत्व झल्काउन सम्मानजनक शब्दको प्रयोग गरेका छन् । विद्यालयको अस्तित्व शिक्षकहरूको लागि भन्दा विद्यार्थीको लागि बढी कायम रहन्छ भन्ने कुरामा उनीहरूको जोड रहदै आएको छ । (Van Wyk 2000,85)

कर्विन र मेन्डलरको अनुसार विद्यार्थीहरू कसरी सिक्छन, कस्तो व्यवहार र कत्तीको जिम्मेवारी छन् भन्ने कुराको अवलोकन गर्ने जिम्मा शिक्षकहरूको नै हो । जब विद्याथीहरूको डिगनिटी (विद्यार्थीले शिक्षकप्रति देखाउन पर्ने सम्मान) धरापमा पर्छ, त्यतिबेला शिक्षकले पढाएको कुराप्रतिको उत्साह आकर्षक पनि घट्न थाल्दछ । पढाईप्रतिको अवरोध बढ्छ र बदलाको भावनामा वृद्धि हुन्छ । तिनीहरूले कक्षाकोठाको अनुशासन सम्बन्धि तीनवटा आयामहरू -वचावट,क्रिया र समाधान उपलब्ध गराउँदछन ।विद्यालयलाई तनावयुक्त क्षेत्रको रूपमा मानेको हुनाले उक्त पक्षहरूलाई मूल्यवान रूपमा हेरिएको छ । शिक्षकहरूले विद्यार्थीहरूलाई आशावादी बनाउने कुरामा सहयोग गर्न सक्छन् । विद्यार्थीहरूलाई सफल बनाउनको लागि शिक्षकहरूले सिकाई प्रकियालाई अझै

आर्कषित बनाउनु आवश्यक छ जुन शिक्षकमा आत्मविश्वासमा कमि छ अथवा जुन शिक्षकले विद्यार्थीलाई विश्वस्त बनाउन सक्दैनन उनीहरूले प्रयोग गर्ने प्रारूप काम लाग्दो देखिदैन र केवल समय खर्चिने खालको हुन्छ ।

व्यवहारवादी पहुँच मुख्यतया विद्यालय अनुशासन र व्यवहारमा परिवर्तन गर्नुमा केन्द्रित रहन्छ । तिनीहरूले मुख्यतया व्यवहारमा परिवर्तन खोजेका हुन्छन् जस्तै अनावश्यक व्यवहारलाई हटाउने, जुन पुरस्कृत गर्ने प्रकियाबाट सम्भव हुन्छ त्यसकारण तिनीहरू आन्तरिक मानसिक अवस्था भन्दा वाह्य व्यवहारलाई परिवर्तन गर्नै कुरामा केन्द्रित रहन्छन् । व्यवहारवादी सिद्धान्तले व्यवहारमा परिवर्तन ल्याउने खालको कृयाकलापलाई वर्णन गर्दछ । (Tuckman 1992, P.39)यसको उल्टो बुझाई सिद्धान्तले वाह्य नियन्त्रणबाट बानी व्यवहारलाई परिवर्तन गर्नै कुरालाई अस्वीकार गर्दछ । बुझाई सिद्धान्तवादीहरूले मानसिक प्रकियामा केन्द्रित रहेर बालबालिकाको चाहना अनुसार अनावश्यक नरुचाइएको व्यवहारको अध्ययन गर्दछन् । विद्यार्थीले अनुशासनलाई कसरी सोच्छन भन्ने कुरा बुझने काम शिक्षक को हो त्यसकारण शिक्षकहरूले कसरी बालबालिकालाई कक्षाकोठाको नियममा बसाल्न सकिन्छ भन्ने कुरामा केन्द्रित रहनुपर्दछ । विद्यार्थी तथा बालबालिकाको ज्ञानको स्तर बढाउन र निर्माण गर्न शिक्षकहरूले ठूलो भूमिका खेल्नु पर्दछ । कक्षाकोठाको शैक्षिक वातावरणलाई कायम राख्नको लागि शिक्षकहरूले शैक्षिक तथा व्यवहारिक पक्षको माध्यमबाट बालबालिकालाई अगाडि सार्नुपर्दछ ।

त्यसकारण यो पाठमा उल्लेख गरिएका सिद्धान्तहरूले धेरैथरीको पहुँच जसको माध्यमद्धारा विद्यार्थीको समग्र पक्ष सुधार्न सकिन्छ जुन व्यवहारिक उपयोगमा फरक पार्न प्रदान गरेको पाईन्छ । यो अवस्थामा यी पहुँचहरूको पक्षमा तर्क वितर्क गर्नु उद्धेश्य हुनुहुदैन । शिक्षकको अनुशासनप्रतिको सोचाइलाई कुनैपनि भिन्न प्रारूपसंग सम्बन्धित गर्नको लागि अरु थप पाठहरू प्रस्तुत गरिएको छ । कुनै निश्चित शिक्षकको आफ्नो अडिगपना तालिमको परिणाम हुनसक्छ । यसको मुख्य उद्धेश्य भनेको कसरी यी अनुभवहरूलाई विभिन्न अभ्यासको विकाशमा प्रभाव पार्दछन र कसरी उक्त प्रभावले सामाजिक अनुशासनआई कायम राख्छ भन्ने नै हो ।

शैक्षिक साहित्यमा विद्यार्थी अनुशासनलाई तीनवटा दार्शनिक क्षेत्रमा विभाजन गरेको छ । पहिलो दर्शनले विद्यार्थी अनुशासनलाई सम्बन्ध सुनाई र आराममा विश्वास गर्ने आफ्नो व्यवहारलाईनियन्त्रण गर्ने भन्ने कुरा जनाउँछ । दुर्व्यवहारले विद्यार्थीहरूमा भावनात्मक हलचल, गोलमाल र उपद्रव ल्याउँछ त्यसैले विद्यार्थीहरूको दुर्व्यवहारप्रतिको सोचाईलाई हटाउने प्रयास गर्नुपर्दछ ।

दर्शनको आगमनले विद्यार्थी र शिक्षकलाई दुर्व्यवहार रोक्नमा सहयोग गरेको छ । तर शिक्षकहरूले अनुमति दिए भने विद्यार्थीहरूले नराम्रो व्यवहारलाई राम्रो व्यवहारमा परिवर्तन गर्छन् अर्थात राम्रो व्यवहार छानेर अगाडि वढ्नसक्छन् । अनुशासनको दार्शनिक परिणाम र नियममा शिक्षकलाई अनुशासनात्मक मान्यताहरू सबै दिईएको छ । कक्षाकोठाका लागि शिक्षकले व्यवहारिक आशाहरू, नियमहरू, र परिणामहरू व्यवस्थित गर्दछन् र शिक्षकहरूआफ्नो शिक्षण सकारात्मक व्यवहारमा आफ्ना विद्यार्थीहरूप्रति उत्तरदायि हुन्छन् ।

Coral M.charles (2002:25)ले कक्षाकोठा व्यवस्थापनमा विद्यार्थी अनुशासनलाई तीन प्रकारमा विभाजन गरेका छन् । पूर्वसचेतन अनुशासन ले कक्षाकोठामा दुर्व्यवहारको अस्तित्वलाई पाठमा सम्बधित गर्ने मौका पाउँछ । कक्षाकोठाका नियमहरू, मौखिक प्रशंसा,सकारात्मक व्यवहारहरू यसका उदाहरण हुन् । सहयोगात्मक अनुशासन ले विद्यार्थीहरूलाई विभिन्न प्रविधिहरूको प्रयोग गर्न, आत्म नियन्त्रणगर्न र दुर्व्यवहारहरू सुरु गर्नबाट रोक्नुपर्दछ । यस्ता व्यवहारहरू रोक्नका लागि विद्यार्थीहरूसंग सिधै नजर जुधाएर तिनीहरूले के गरिरहेका छन् तिनीहरूको शारीरिक उपस्थितीलाई बढाउनुपर्दछ । ससोंधक अनुशासन ले शैक्षिक प्रशासनको परिणामहरू विद्यार्थीका दुर्व्यवहारमा रूपान्तरण हुन्छन् भनेका छन् । विद्यार्थीहरूका दुर्व्यवहारका कुराहरू विद्यालय प्रशासनभन्दा बाहिरपनि गर्ने वा तिनीहरूको नाम कालोपाटीमा लेख्ने गर्दछन् जसले गर्दा विद्यार्थीहरू यस्ता दुर्व्यवहारप्रति अझै उत्सुक हुन्छन् जसको परिणाम डरलाग्दो हुनेगर्दछ ।

विद्यार्थी अनुशासनका सबै सिद्धान्तकारहरूले आवश्यकता शुद्ध सुचना प्रविधि र दृढतामा जोड दिएका छन् । सुरुका केही दिनहरू कक्षाकोठामा अनुशासनका सिद्धान्तहरू स्थापित गर्न समालोचनात्मक हुन्छन् । व्यवहारिक आशाहरू, नियम र परिणामलाई तोड्न शुद्ध र छिटो सुचनाको आवश्यक पर्दछ तर शिक्षकहरूले पनि कक्षाकोठा अनुशासनलाई दृढता बनाउने प्रयासहरू सुरुदेखि अन्तसम्म गरिरहनु पर्दछ । न्यायिक विभागको २००५ को अध्ययनमा ९३ प्रतिशत अमेरिकन सरकारी विद्यालयका विद्यार्थीहरूलाई सन्तोषजनक पेशा र व्यवहारिक अपेक्षाहरू दिइने कुरा भएतापनि ४८ प्रतिशत मात्र सन्तोषजनक ,दृढताका साथै त्यस नियमलाई जोड दिएका थिए ।

अनुशासन बिना कुनैपनि बालबालिकाको आध्यात्मिक विकाश हुनसक्दैन भन्ने कुरामा आर्दशवादले विश्वास गर्दछ । बालवालिकाहरू आत्मसंयममा रहन वा टिक्न आफुलाई खुल्ला रहन मन पराउँछन् । आत्म अन्तरदृष्टि र आत्म विश्लेषण अनुशासनका मुख्य तत्वहरू हुन् । यसमा शिक्षकको मार्गदर्शन अत्यन्तै आवश्यक पर्दछ । अनुशासन मानिसलाई प्रभावपार्ने तत्व मात्र होईन शिक्षकले तिनीहरूलाई आत्मिक ज्ञान लिन सहयोग गर्ने काम मात्र गर्दछन् । वालवालिकाहरू स्वतन्त्र चाहन्छन् तर अन्त्य होइन् । आर्दशवादीहरू आत्म अनुशासनका सहयोगीहरू हुन् । युद्धकारी अनुशासनलाई आर्दशवादीहरू पच्छ्याउदैनन् । आर्दशवादीहरू मानिसको एकता र आज्ञाकारिता चाहन्छन् यस्ता कुरालाई अनुशासनको प्रभावकारिता भनेर विश्लेषण गरिन्छ । आर्दशवादीहरू विद्यार्थीहरू आर्दश होउन भन्ने सोच्दछन ।Bogoslovaskyका अनुसार वालवालिकाहरू पूर्ण मात्रामा खाली मष्तिष्क लिएर आएका हुन्छन् विस्तारै विस्तारै उनीहरूलाई शिक्षाका माध्यमबाट पूर्ण मानव बनाईन्छ भनेका छन् । आर्दशवादीहरूले धेरै महत्वपूर्ण सोचाई र शैक्षिक प्रयासहरू दिईरहेका छन् । तिनीहरूको मान्यतानुसार विद्यार्थीहरू शिक्षकको नियन्त्रणमा रहनुपर्दछ भन्ने रहेको छ । शिक्षकहरू नै उनीहरूको गन्तव्यका निर्माता हुन् । शिक्षकहरूको आज्ञापालना गर्नु उनीहरूको कर्तव्य हो भन्ने कुराहरू आर्दशवादी चिन्तकहरूको मान्यता रहेको छ । विद्यार्थीहरूले शिक्षकहरूको आज्ञापालना गर्नैपर्दछ । शिक्षकहरूलाई आदर सत्कार गर्नेगर्नु पर्दछ । शिक्षक र शिक्षणको सम्बन्ध सकारात्मक र अनुग्रही हुनुपर्दछ भन्ने मान्यता आर्दशवादीहरूको रहेको छ ।

यथार्थवादी दर्शन अनुसार अनुशासन भन्नाले वस्तुसंगको सम्झौता हो अर्थात मिल्नु हो । अनुशासनले वालवालिकाहरूलाई उसको वातावरणमा आफै घुलमिल हुन र काम गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । वाहिरी वातावरणले यथार्थलाई परिवर्तन गर्न असम्भव छ त्यसैले विद्यार्थी आफै विश्वको एक भाग हो ।यथार्थवाद शिक्षाको विभिन्न क्षेत्रवाट आएको हो । उद्धेश्य,पाठ्यक्रम, शिक्षण प्रकृया, विद्यार्थीको बाहिरी हेराइ , शिक्षा र अनुशासन सबै नयाँ जगतबाट लिईएको छ ।

प्रकृतिवादका अनुसार अनुशासन भन्नाले प्राकृतिक परिणाम भन्ने बुझिन्छ । प्रकृतिवादका अनुसार प्रकृति एउटा खुला पुस्तक हो जसले जतिवेला पनि पढ्नपाँउछ ।विद्यार्थीको रुची इच्छा चाहना अनुसारआफ्नो व्यवहारिक अध्ययन गर्दछन् ।Herbart Spencer (1992, P.39)का अनुसार विद्यालयको वातावरण पूर्णतया स्वतन्त्र, लचक र कुनै सिमा नतोकिएको हुनु पर्दछ । सबै आधुनिक र प्रगतिको शिखरका उठेका विद्यालयहरूले आफ्नो विकाश गर्नका लागि आत्म अनुशासनलाई स्वीकार गर्दै प्रोत्साहन गरेका छन् ।

त्यस्तै व्यवहारवादीको सोचाइ अनुसार पुर्नवलको साटो दण्ड दिनु अनावश्यक कुरा हो । तिनीहरूको भनाई अनुसार महत्वपूर्ण प्रविधिहरूको प्रयोग गरेर पुर्नवल दिनुपर्दछ । विद्यार्थीहरूलाई घृणाको दृष्टिबाट हेर्नु हुदैन । दण्डले व्यवहारमा परिवर्तन गराउनु अनुशासन होइन ।skinnerका अनुसार (quoted in Tuckman 1992, P.61)जव खराव व्यवहार प्रर्दशन गरेवापत दण्ड दिइन्छ त्यसपछि तिनीहरूमा झन नकारात्मक व्यवहार प्रर्दशन सोच, रिस र घमण्ड उत्पन्न हुन्छ जसले गर्दा नराम्रो परिणाम आउँछ । विद्यार्थीहरूको गल्ती कमजोरीलाई सकारात्मक पुर्नवलका माध्यमवाट उनीहरूको व्यवहारमा परिवर्तन ल्याउनुपर्दछ । दुर्व्यवहार प्रर्दशन गरेवापत उनीहरूलाई सबैको अगाडि सजाय वा दण्ड दिनु गलत काम हो । उनीहरूलई व्यक्तिगत जीवनमा आचँ नआउनेगरि दण्ड वा पुरस्कारका माध्यमबाट सकारात्मक व्यवहार प्रर्दशन गर्ने वातावरण सृजना गराउनु पर्दछ ।

त्यस्तै प्रगतीवादीहरूका अनुसार शिक्षक एउटा सहजकर्ताका रूपमा हुनुपर्दछ I शिक्षकहरू बिद्यार्थीका समस्याको समाधान गर्ने सहयोगीका रूपमा हुनुपर्दछ । प्रगतीबादीहरूका अनुसार शिक्षक एउटा उत्प्रेरकको रूपमा बिद्यार्थीका समस्या समाधान गर्ने मार्गदर्शक रूपमा हुनुपर्दछ ।

अनुशासन भन्नाले निश्चित नियममा बाँध्नु भन्ने बुझिन्छ । अनुशासनले मानिसलाई असल सभ्य र सफल जीवन बिताउन सहयोग गर्दछ । निश्चित नियममा बाधिएर सफल रूपमा काम सम्पन्न गर्ने वा अनुशासनको घेरामा रहेर आर्दश जीवन व्यतित गर्ने व्यक्तिलाई पुरस्कार दिनुपर्दछ जसले गर्दा उसमा थप अनुशासनको पालना गर्ने उत्साह बढेर आउँछ र ऊ झन अनुशासित बन्दछ । त्यस्तै अनुशासनको नियममा नरहने उच्छृङ्खल व्यवहार प्रदर्शन गर्ने व्यक्तिलाई दण्ड दिने प्रचलन अझै पनि छ । व्यक्तिलाई सही बाटोमा डोऱ्याउने क्रममा उसलाई सकारात्मक पुनर्वल दिएर पनि सुधार गर्न सकिन्छ । सकारात्मक पुर्नवलले व्यक्तिमा सही काम गर्ने उत्साह बढेर आउँछ त्यस्तै कुनै पनि व्यक्तिलाई सकेसम्म नकारात्मक पुर्नवल दिनुहुँदैन जसले गर्दा व्यक्तिमा नकारात्मक सोचको हावी भई उ मानसिक असन्तुलित

हुनसक्छ त्यसैले व्यक्तिलाई अनुशासित राख्ने क्रममा उसलाई सकारात्मक पुर्नवलका माध्यमबाट सही मार्गमा डोऱ्याउनु पर्दछ ।

।

प्राचिनकालमा शिक्षा विस्तारका निमित्त ऋषिमुनीहरूले गुरुकुल शिक्षा प्रणालीको आविष्कार गरेका थिए । शिक्षाको केन्द्रका रूपमा स्थापित यस्ता गुरुकुलहरू शान्त वातावरण तथा कोलाहल सुन्य स्थानमा संचालन गरिन्थे । (गुरुकुल सन्देश २०७०), का अनुसार "गुरुकुलको छात्रजीवनमा अध्ययन प्रमुख पक्ष भएर पनि असल जीवन जिउनका लागि आवश्यक सबै प्रकारको प्रक्रिया र ज्ञान दिइन्थ्यो । समिधा ल्याउने, गाई चराउने, गोबर सोहर्ने, घाँस काट्ने, आगनको लितपोत गर्ने पढ्ने, लेख्ने वादविवाद कार्यक्रममा भाग लिने, कविता महोत्सव गर्ने आदि दैनन्दिनका क्रियाकलापका साथसाथ गुरुसेवा शुश्रुषा आदि गर्नुपर्थ्यो । यसमा अनुशासन प्रमुख मानिन्थ्यो ।"

यस प्रकारको परिस्थितिमा पनि अनुशासनलाई विद्यार्थीको गहनाको रूपमा लिइन्थ्यो अनुशासनहीन बालक कुनै पनि कार्यमा सफल हुन सक्दैन भन्ने कुरा माथिको भनाइबाट स्पष्ट हुन्छ ।

गुरुकुल शिक्षा (२०७०), का अनुसार सभ्य, सुसंस्कृत, सदाचारी, नैतिकवान, स्वाबलम्बी, मेहनती कुनै सीपयुक्त देशभक्त आर्दश नागरिकहरू तयार पार्न सके मुलुकको अवस्था अघि बढ्न सक्दछ । राज्यको शिक्षा प्रणालीको पनि यहि उद्देश्य रहेको छ । नेपाल सरकारले वर्षेनी ६५/७० अर्ब शिक्षण खर्च गरे पनि त्यसको उपलब्धि सन्तोषजनक छैन । देशमा चोरी, डकैती, लुटपात, हत्या, अपहरणजस्ता अपराधिक क्रियाकलापहरू बढी रहेका छन् । उग्रपन्थीहरूले समाजलाई आपराधीकरण गर्दै लागिरहेका छन् ।"

यस सन्दर्भमा माथिका भनाइलाई स्पष्ट रूपमा भन्नु पर्दा हाम्रो वर्तमान शिक्षा पद्धति राज्यको श्रमनीति, राजनीतिको दार्शनिक पक्ष गलत र सबभन्दा महत्वपूर्ण तत्व अनुशासनको अवस्था फितलो हुनु हो भन्ने कुरा सिद्ध हुन्छ ।

हिन्दु दर्शनका अनुसार शिक्षा आर्जन गर्दा अनुशासनले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । हिन्दु दर्शन अनुसार शिक्षा आर्जन गर्दा

विद्यार्थीहरूले गुरुको आज्ञापालना गर्नुपर्ने, सधै सत्य बोल्नु पर्ने, आफ्नो कर्तव्य निर्वाह आचारणमा बसेर शिक्षा आर्जन गर्नुपर्ने व्यवस्था वेदमा उल्लेख गरेको पाइन्छ । यस अनुसार शिक्षाका उद्देश्यहरू चार प्रकारका छन् : ऋणबाट मुक्त हुनु, चरित्र निर्माण गर्नु र नागरिक तथा व्यक्तित्व विकास गर्नु र नागरिक तथा सामाजिक कर्तव्य पालना सम्बन्धी भावना जोड दिनु । हिन्दु दर्शनका अनुसार शिक्षण संस्थाका रूपमा रहेका तुलन, चरण, घटिका, गुरुकुल, विद्यार्थी, ब्रह्माणीय महाविद्यालयमा गएर विद्यार्थीले निश्चित आद, दिनचर्या, खापान, भेषभुषा गर्नु पर्दथ्यो । शिक्षकलाई "गुरुब्रह्मा, गुरु विष्णु, गुरु देवो महेश्वरको" स्थानमा राखिन्थ्यो । गुरुलाई सत्यको प्रतिकको रूपमा

राखेर शिक्षा आर्जन गरिन्थ्यो । यसबाट हामी भन्न सक्छौ कि त्यति बेला विद्यार्थी अनुशासनलाई गहनाको रूपमा लिइन्थ्यो ।

समग्रमा माथिका भनाइ वा लेखबाट विद्यार्थीहरू कक्षामा अनुशासित भएर वस्नु पर्ने कुरामा जोड दिइएको छ । “वौद्ध दर्शन अनुसार शिक्षा आर्जन पूर्ण रूपमा नियम र अनुशासन पालना गर्नुपर्ने कुरा वौद्ध दर्शनमा उल्लेख गरेका छन् ।” अतः वौद्ध धर्मका शिक्षाले विद्यार्थी अनुशासनलाई बढी मात्रामा जोड दिएको पाइन्छ । वौद्ध धर्म अनुसार विद्यार्थीहरूले चोरी गर्नुहुँदैन, झगडा गर्नु हुँदैन, असत्य नबोल्नु, शिक्षकहरूको आदरसत्कार गर्नुपर्ने व्यवस्था रहेको थियो । उपरोक्त सम्पूर्ण उद्देश्य पूर्तिको निम्ति विद्यार्थीहरूले भोजनावस्त्र, स्थानदेखि लिएर अनुशासन सम्मका सम्पूर्ण कुराहरूमा आत्मसंयमि भएर कार्य गर्नुपर्दथ्यो । वौद्ध शिक्षाले विद्यार्थी अनुशासनलाई बढी जोड दिएको छ । विद्यार्थीका लागि फूलपाती टिप्ने, सम्पत्ति जम्मा गर्ने, सार्वजनिक स्थानमा तमासा हेर्ने, हानिप्रद खेलमा भाग लिने, शरीरमा अलोकित पोशाक लगाउने, गालीगलौज गर्ने, झगडा गर्ने, कार्य पूर्ण रूपमा निषेधित गरिएका छन् । यसका साथै विद्यार्थीले शिक्षकलाई दाँतको दतिवन र पानी उठ्नासाथ दिने, शिक्षकको स्थान सफा गर्ने र भिक्षा गुरुसँगै माग्ने गर्नु, शिक्षक भन्दा चाडैं आएर खानाको व्यवस्था गर्ने, शिक्षकको सेव ागर्ने जस्ता भूमिका विद्यार्थीले पालना गर्नु पर्दछ । शिक्षकले सकेसम्म विद्यार्थीहरूलाई अनुशासनमा शिक्षा प्रदान गर्नु सम्पूर्ण उपायहरू अपनाई अध्ययन अध्यापन गराइन्थ्यो ।

अतः त्यतिबेलाको धर्मले पनि शिक्षा आर्जनका लागि अनुशासनलाई जोड दिएको पाइन्छ ।

सेरिड (२००० उद्धृत गरिए अनुसार) ले “अनुशासन स्वीकृति प्राप्त अथवा समाजले स्वीकारेको व्यवहारहरूको तालिम लिनु हो ।” अनुशासनको तात्पर्य मानसिक या नैतिक संयम राख्दै आत्म नियन्त्रण गर्नु, आज्ञा पालना गर्नु र कर्तव्य तथा दायित्व पुरा गर्नु हो । आमाबुबा तथा शिक्षकहरूद्वारा बालबालिकाहरूले अनुशासनका पाठ सिकेर जीवन सफल र सुखमय बनाउँछन् । अनुशासनको मुख्य लक्ष्य हो समाज तथा राष्ट्रले आफ्नो संस्कृति अनुरूप निर्णय गरेको या तोकेको सामाजिक तथा वैधानिक मूल्य र मान्यताहरू व्यवस्थाहरू अनुरूप बालबालिकाहरूलाई जीवनयापन गर्ने क्षमता विकास गराउनु हो ।

सेरिड (सन् २००० मा उद्धृत गरिए अनुसार) ले नेपालको ग्रामीण क्षेत्रमा शिक्षाको सहभागितामा प्रभाव पार्ने तत्वहरू सम्बन्धी अध्ययनमा ग्रामीण क्षेत्रका प्राथमिक विद्यालयमा बालबालिकाहरूको सहभागिता कभ गर्ने निर्धारित तत्वहरूमा परिवारको आयस्रोत, अभिभावकको शिक्षा एवं व्यवहार, घरायसी कामकाज, विद्यार्थी अनुशासन, विद्यालयसँग सम्बन्धित पक्ष, सामाजिक मूल्य मान्यता परम्परा र अन्य विविध कारणहरू रहेको निष्कर्ष निकालेका छन् ।

माथिको अध्ययनबाट के निष्कर्षमा पुग्न सकिन्छ भने नेपालको ग्रामीण क्षेत्रमा रहेका बालबालिका, अभिभावक, विद्यालयसँग सम्बन्धित पक्षहरूलाई पनि अनुशासन सम्बन्धी नैतिक शिक्षाहरू दिनुपर्दछ जसले गर्दा उनीहरू आफ्नो लक्ष्यमा सहजै पुग्न सक्छन् र आर्थिक स्रोतमा वृद्धि भई उनीहरूको जीवन सरल एवं सहज हुन सक्छ । त्यसैले अनुशासनको पाठ सिकाउन आवश्यक छ ।

सेरिड (2006)नेपालमा समाहित शिक्षाको अवस्थाको बारेमा गरिएको निर्माणात्मक अनुसन्धान प्रतिवेदन अनुसार उद्देश्य अन्तर्गत बालबालिकाको आवश्यकता अनुसारको शिक्षण विधि पत्ता लगाउन विशेष आवश्यकता भएका बालबालिकाहरूको शिक्षकको उत्तरदायित्व पहिचान गर्नु, समाहित कक्षाको प्रभावकारिता र अनुशासन नभएकाले दिएका कडा दण्डले सिकाइका समस्याको बारेमा अध्ययन गरेका थिए ।

यस अध्ययनले विद्यालयको वातावरणमा सुधार गरी सबैका लागि उचित किसिका शैक्षिक वातावरण सृजना गरी शिक्षण क्रियाकलाप गर्नुपर्ने कुरामा जोड दिएका छन् ।

शान्तिले माया, सद्भाव, वौद्धिकता तथा न्यायको विजारोपण गर्दछ र यसको सम्बन्ध तथा सरोकार व्यक्ति, परिवार, समुदाय तथा अन्तर्राष्ट्रिय स्तरसम्भ रहन्छ । शत्रुता, लडाइँ, विनाश, झगडा, हिंसा तथा भेद्भावको स्थिति नभएको वातावरण सृजना गर्नु शक्ति अभियानको लक्ष्य हो । व्यक्ति, परिवार, विद्यालय, समुदाय तथा सर्वत्र क्षेत्रमा शान्ति भएमा सकारात्मक सोचका ढोकाहरू खुल्ने गर्दछन् । विद्यालय बालबालिकाको सर्वाङ्गीण विकास गर्ने स्थान हो । विद्यालयको समग्र वातावरण र त्यहाँका सम्पूर्ण क्रियाकलापले बालबालिकाको भविष्य निर्धारण हुने गर्दछ । बालबालिको सर्वोपरि विकासका निम्ति शिक्षक, विद्यालयको वातावरण शान्त, सुरक्षित, रमाइलो र अनुशासित हुनु अपरिहार्य छ । (विद्यालय शान्तिक्षेत्र राष्ट्रिय ढाँचा कार्यान्वयन निर्देशिका २०६८ शिक्षा मन्त्रालय)

शिक्षा क्षेत्रमा क्रियाशील व्यक्ति र समूहका लागि शैक्षिक आचारसंहिता वि.सं. २०६६ ले शिक्षक आचारसंहिता, अभिभावक आचारसंहिता, विद्यार्थी, आचारसंहिता, विद्यालय व्यवस्थापन समितिको आचारसंहिता, स्थानीय समुदायका लागि आचारसंहिता कुराहरू उल्लेख गरिएको छ । जसमध्ये शिक्षक तथा विद्यार्थी आधारसंहितालाई लिइएको छ ।

शैक्षिक आचारसंहिता वि.सं. २०६६ शिक्षा मन्त्रालयका अनुसार आचारसंहिता कानुनी बन्देज नभई आत्म अनुशासनसँग सम्बन्धित नैतिक बल हो । यसको पालना गर्नाले सार्वजनिक पद धारणा गरेका व्यक्तिहरूको आचरण र व्यक्तित्वलाई उत्कृष्ट, गरिमामय, कुशल र अनुकरणीय बनाई सेवाग्राहीप्रति उत्तरदायी बन्ने मार्ग पहिचान गर्न सहयोग मिल्दछ । विद्यालय तथा उच्च शिक्षाको पठनपाठनमा संलग्न पदाधिकारीहरू विद्यार्थी, अभिभावक एवम् सम्पूर्ण सरोकारवालामा विद्यमान कानुनको पालनाको साथसाथै नैतिक आचरण, मूल्य मान्यताको पालना गर्दै कार्य सम्पादन प्रक्रियालाई सरल, सहज र पारदर्शी बनाउन आचारसंहिताको आवश्यकता महसुस गरिएको हो ।

समग्रमा भन्नुपर्दा शैक्षिक निकाय र सरोकारवालाहरूबाट यसको उचित परिपालना भएमा शैक्षिक पहुँच तथा गुणस्तर अभिवृद्धि हुन समेत सहयोग पुग्दछ । लैङ्गिक तथा अन्य विविध पक्षमा सामाजिक समावेशीकरण आवश्यक छ भन्ने समयको माग तथा आवश्यकतालाई समेत विचार गरी केन्द्रीय निकायदेखि विश्वविद्यालय तथा विद्यालय तहसम्म अनुशासनको मर्यादा कायम राख्न यसले मार्गनिर्देश गर्दछ । यस मन्त्रालयले अन्य क्षेत्रमा भएका प्रयासहरूको समेत अनुभव र अभ्यासहरूका आधारमा यो साङ्केतिक आचारसंहिताको विकास गरेको हो ।

शिक्षा क्षेत्रमा संलग्न शिक्षक तथा विद्यार्थीका लागि निम्नानुसार आचारसंहिता निर्धारण गरिएको छ ।

शैक्षिक आचारसंहिता (वि.सं. २०६६) अनुसार शिक्षक आचारसंहिता निम्नानुसार रहेका छन् ।

छात्राछात्रप्रति दुव्यर्वहार, अपहेलना र शारीरिक तथा मानसिक पीडा हुने गरी अपमानजनक बोलीबचन, उखानटुक्का तथा हाउभाउको प्रयोग नगर्ने, विभिन्न धार्मिक, सामाजिक, सांस्कृतिक, भाषिक एवम् आर्थिक परिवेशका शिक्षक तथा कर्मचारीहरू बीच भेदभावपूर्ण व्यवहार तथा नकारात्मक प्रभाव पर्ने गरी अभिव्यक्ति दिन र प्रकाशन वा प्रसारण गर्न निरुत्साहित गर्ने, महिला तथा पुरुष कर्मचारीलाई यौनजन्य दृष्टिले हैरान पार्ने वा नकारात्मक प्रभाव पर्नसक्ने खालका बोलीवचन तथा व्यवहार नगर्ने, कुनै पनि धर्म, भाषा, सम्प्रदाय, लिङ्ग, शारीरिक अपाङ्गता, मजदुर बालबालिका, द्वन्द्व बालबालिका एच.आइ.भीं एड्सबाट प्रभावित भएका बालबालिका आदिका कारणबाट कुनै भेदभाव नगर्ने साथै सबैमा सद्भाव र समानताको व्यवहार गर्न शिक्षक, विद्यालयका कर्मचारीहरू तथा अभिभावक र विद्यार्थीहरूका बीचमा सचेतना अभिवृद्धि गर्न प्रयत्नशील रहने, विद्यालयमा साधारण र राष्ट्रियता झल्किने किसिमको पहिरन तथा परिचयपत्रको प्रयोग गर्ने गरेका छन् ।

त्यस्तै अपाङ्गता भएका विद्यार्थी, महिला, दलित, जनजाति, तेस्रो लिङ्गीहरूमा सामाजिक न्याय, बालअधिकार, मानवअधिकार, आदिका दृष्टिले समान व्यवष्हार गर्न र समान अवसर पाउने वातावरण सृजन ागर्ने, विद्यार्थीहरूलाई एक अर्काको धर्म, संस्कृति, रीतिरिवाज र रहनसहनमा नकरात्मक भाव झल्किने गरी अभिव्यक्ति दिन र प्रकाशन वा प्रसारण गर्न निरुत्साहित गर्ने, अपाङ्गता भएका विद्यार्थीहरूको सहयोगीको रूपमा कुनै स्थानमा जाँदा संवाद वा कुराकानी गर्दा अपाङ्गता भएका विद्यार्थीलाई आफ्नो भनाइ वा समस्या र आवश्यकताका विषयमा अभिव्यक्तिको अवसर दिने, अपाङ्गता भएका विद्यार्थीहरू दयाका पात्र हुन सबैले दया गर्नुपर्छ भन्ने जस्ता भाव झल्काउने व्यवहार जस्तैः कठै, विचरा, हेर कस्तो विजोग, केह ीगर्न सक्दैनन् जस्ता अभिव्यक्ति नदिने, विद्यालयमा गरिने समूह छलफल तथा अन्तरक्रिया लगायत अतिरिक्त क्रियाकलापमा सबै वर्ग, जातजाति, लिङ्गको समान अवसरको वातावरण सृजना गर्ने, विद्यालय व्यवस्थापन समिति तथा विद्यार्थीहरूका सदनबाट निर्धारण गरिएका आचारसंहिताको पालना गर्ने गराउने, विद्यार्थीलाई कुनै पनि किसिमको शारीरिक यातना नदिने, कक्षाकोठाभित्र र बाहिर गरिने पठनपाठन सम्बन्धी हरेक क्रियाकलापमा समावेशीकरणको पक्षमा विशेष ध्यान दिने, शिक्षक, कर्मचारी, विद्यार्थी सम्बन्धी आचारसंहिताको एकप्रति नयाँ भर्ना हुँदा सबैलाई सुरुमै उपलब्ध गराउने, शैक्षिक संस्थाभित्र डण्डा, सिक्री लगायत कुनै पनि खालका प्रतिबन्धित हात हतियार बोकेर प्रवेश नगर्ने, शैक्षिक क्रियाकलाप वा अन्य कार्यक्रम भइरहेको समयमा मोबाइल फोनको स्वीच बन्द गर्ने वा शान्त अवस्थामा राख्ने, विद्यार्थीको व्यक्तिगत सक्षमतालाई उजागर गर्न सदैव प्रयत्नशील रहने, आदि कुराहरू शिक्षक आचारसंहिता भित्र पर्दछन् ।

त्यस्तैगरी विद्यार्थीहरूले पनि पालना गर्नुपर्ने निश्चित नियमहरू रहेका छन् । शैक्षिक आचारसंहिता ( वि.सं. २०६६) अनुसार विद्यार्थी आचारसंहिता निम्नानुसार रहेका छन् ।

शिक्षक तथा सहपाठीहरूप्रति सम्मानपूर्ण व्यवहारलाई प्रोत्साहन हुने बोलीवचन प्रयोग गर्ने, हिनताबोध एवम् मानसिक तनाव हुने उखान टुक्का तथा हाउभाउ, साङ्केतिक भाषाको प्रयोग नगर्ने, विभिन्न धार्मिक सामाजिक, सांस्कृतिक भाषिक एवम् आर्थिक परिवेशका सहपाठी वा शिक्षकहरूलाई भेदभावपूर्ण व्यवहार तथा नकारात्मक प्रभाव पर्ने अभिव्यक्ति दिन र प्रकाशन वा प्रसारण गर्न निरुत्साहित गर्ने, विद्यालय तथा क्याम्पस हाताभित्र कुनैपनि खालका हातहतियार, ल्याउन वा लागु पदार्थ सेवन तथा ओसारप्रसार गर्न बन्देज गर्ने, विद्यार्थीमा लिङ्गका आधारमा हेप्ने वा होच्याउने, यौनजन्य हिंसामा नकारात्मक प्रभाव पर्न सक्ने बोलीवचन तथा समाजमा प्रतिकुल प्रभाव पार्न सक्ने किसिमको व्यवहार देखाउने प्रवृत्ति तथा साङ्केतिक अभिव्यक्तिको वातावरणको अन्त्य गर्ने, विद्यालयमा तोकिएको साधारण पहिरन तथा विद्यार्थी परिचयपत्रको प्रयोग गर्ने, अपाङ्गता भएका विद्यार्थीहरूलाई सहयोगीका रूपमा कुनै स्थानमा जानु परेपनि कुराकानी तथा संवाद गर्नु परेमा अपाङ्गता भएका विद्यार्थीलाई आफ्ना समस्या, आवश्यकता र धारणा अभिव्यक्त गर्ने अवसर प्रदान गर्ने, विद्यालयको भौतिक संरचना वा सम्पत्ति तोडफोड वा विगार्ने कार्य नगर्ने, विद्यालयमा गरिने छलफल तथा अन्तरक्रिया लगायत अतिरिक्त क्रियाकलापमा समान अवसरको वातावरण सृजना गर्ने, कक्षामा अध्ययन अध्यापन लगायत शैक्षिक क्रियाकलाप संचालन भई रहेको समयमा शान्त र रोचक वातावरण बनाउन विभिन्न सदन गठन गरी सक्रिय र अर्थपूर्ण भूमिका निर्वाह गर्ने, विद्यालय व्यवस्थापन समिति तथा विद्यार्थीहरूका सदनबाट निर्धारण गरिएका आचारसंहिताको पालना गर्ने, आदि रहेका छन् ।

शिक्षा मन्त्रालयबाट निर्दिष्ट गरिएका उपरोक्त आचारसंहिताहरू कार्यान्वयन हुन सकिराखेका छैनन् । आफ्नै शिक्षकबाट विद्यार्थीहरूले र विद्यार्थीहरूबाट शिक्षकले पीडाबोध खेपिराख्नु परेको अवस्था वर्तमानमा रहेको छ । प्रचलित ऐनकानुन कागजमा मात्र सीति रही कार्यान्वयन हुन नसक्दा वर्तमान अवस्थामा विद्यालयमा विद्यार्थी तथा शिक्षक अनुशासनको अवस्था एकदमै गिरेको देखिन्छ । साथै विद्यालय प्रशासनले कक्षा अनुशासनलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्ने स्थिति देखिन्छ ।

शिक्षण पेशा एउटा मर्यादित र सम्मानित पेसाको रूपमा विश्वमा नै स्थापित भएको छ तर यस पेसाको सम्मान र मर्यादा आर्जन भने यस पेसामा संलग्न मानवीय शिक्षक विद्यार्थीहरूको सोच र व्यवहार मात्र गर्न सकिन्छ । कारण, पेशागत सम्मान र मर्यादा कसैले प्रदान गर्ने भन्दा पनि आफूले आर्जन गर्ने विषय हो । तसर्थ यस पेशामा संलग्न साथीहरूले ख्याल गर्नुपर्ने कुराहरू के हो भने देशका भावी कर्णधार हाम्रा बालबालिकाको हक र स्वार्थ सर्वोपरि हो र यसमा कसैले पनि लापरवाही, गैर शैक्षिक रहन दिनु अशोभनीय र अनपेक्षित कुरा हो । विद्यालय भन्ने वित्तिकै शैक्षिक, प्राज्ञिक गतिविधिको गरिमामय संस्थाको रूपमा स्थापित हुनु आवश्यक छ । विद्यालयलाई शैक्षिक, प्राज्ञिक र गरिमामय संस्थाको रूपमा स्थापित गराउने जिम्मा शिक्षक र विद्यार्थी साथै संस्थासँग सम्बन्धित व्यक्तिहरूको हो । त्यसैले कुनै पनि संस्थाको दिगो विकास, पुस्तकालयका सामग्री, प्रयोगशाला र त्यसको व्यवस्था, आवश्यक पर्ने कक्षाका सामग्री तथा अनुशासित वातावरण छ भने त्यस्तो विद्यालयले गरिमामय संस्थाको रूपमा आफूलाई स्थापित गर्न सक्छ । त्यस्तो अवस्थामा परिवर्तनको बाहकका

रूपमा विद्यालय स्थापित हुन सक्छ । तसर्थ विद्यालय वा कक्षाकोठामा शिक्षक तथा विद्यार्थी अनुशासनको अवस्थालाई मध्यनजर गर्दै शिक्षण क्रियाकलाप संचालन गर्नुपर्ने देखिन्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

कक्षाकोठामा शिक्षक तथा विद्यार्थी अनुशासनको अवस्थासँग सम्बन्धित पूर्वकार्यको अध्ययन गर्दा प्राप्त भएको कुरालाई समीक्षा गरी निम्नानुसार प्रस्तुत गरिएको छ ।

अनुशासन भन्नाले निश्चित नियममा बाँधिएर सकारात्मक व्यवहार सिक्ने अभ्यास वा तालिम हो जसबाट मानिसलाई सफलतातर्फ अगाडि बढ्न सरल र सहज हुन्छ । अनुशासन विनाको मानिस लगाम विनाको घोडा जस्तै हुन्छ तसर्थ अनुशासन विनाको मानिसले जीवनमा कहिल्यै सफलता प्राप्त गर्न सक्दैन । सफल जीवन जीउनका लागि, प्रगतिपथमा लम्कनका लागि, मान्यजनहरूबाट माया प्राप्त गर्नका लागि साथै सम्पूर्ण मानव जीवनमा सफलता प्राप्त गर्नका लागि अनुशासन अपरिहार्य मानिन्छ । हाम्रो देशको सन्दर्भमा कुरा गर्दा यहाँका शिक्षक तथा विद्यार्थीहरूमा अनुशासनको कमी तथा कक्षाकोठा वा विद्यालय परिसरमा अनुशासनको अवस्था खस्किदै गईरहेको पाइन्छ । देशमा समयसमयमा भइरहेको राजनैतिक परिवर्तन, चक्काजाम, आन्दोलन, बन्द, हड्ताल जस्ता विभिन्न क्रियाकलापहरूले शिक्षा क्षेत्र पनि प्रभावित हुन पुगेको देखिन्छ । जसले गर्दा यहाँको शैक्षिक उपलब्धि न्यून हुँदै गएको देखिएको छ । शिक्षा क्षेत्रमा सरकारले लगानी गरे बमोजिमको उपलब्धि भेटिन सकेको देखिँदैन ।

कोइराला (वि.सं. २०५७) ले नैतिक मूल्य र मान्यताहरूको सम्बन्धमा यसरी उल्लेख गरेको पाइन्छ । “भनिन्थ्यो मातृ देवो भवः अतिथी देवो भवः” आज त्यस्ता गुरु कहँ गए, वर्तमानका गुरुहरू सच्चा गुरुहरू रहेनन् । जागिरे मात्र भए, दिन काट्ने, तलब पचाउने, आफ्नो दुनो सोझ्याउने र राजनीतिको आडमा परी मनपरी गर्ने भएका छन् भने विद्यार्थीहरू माता, पिता, मान्यजनहरूको सम्मान गर्न नरुचाउने, अरुको मान मर्यादा नगर्ने, आफ्नो पहिचान हुने धर्म संस्कृति नरुचाउने भएका छन् । पहिलाका शिक्षक विद्यार्थीहरूले आफूले जानेका कुराहरूलाई सबभन्दा पहिला चरित्रमा उतार्थे त्यसपछि त्यसलाई विद्यार्थीमा पुऱ्याउन खोज्दथे । जस्तैः सत्य बोल, जीवन सादा बनाउ, सोचाई उच्च राख्न, दया करुणालाई कहिल्यै नछोड, जतिसुकै ठूलो ओहदामा पुगेपनि विनम्रता नत्याग, सक्छौ भने अरुको भलो गर, अरुको अहित हुने कुरा कहिल्यै पनि कुनै पनि बेला नगर, कर्तव्यपथबाट नचुक आदि जस्ता चरित्रवान र आर्दश सिकाउने जिम्मा लिएका गुरुहरू पहिले ति आर्दशहरू स्वयं पालना गर्दथे र विद्यार्थीहरूलाई सिकाउथे ।

यसरी कोइरालाका अनुसार हाम्रो मुलुकमा अपनाउने शिक्षा प्रणालीले पनि निम्न कुरालाई समेट्नु पर्ने प्रावधान रहनु उचित देखिन्छ ।

- शिक्षण संस्थाहरूले समाजका असल कुराहरूलाई जर्गेना गर्ने उचित थलो भएका हुँदा धार्मिक परम्परा, सांस्कृतिक मूल्य भएको हुँदा यस्ता विविध पक्षलाई शिक्षण संस्थामा स्थापित गर्नुपर्दछ ।

- नयाँ पिढीहरूमा नैतिक चरित्र वा अनुशासनका पाठहरू सिकाउन आवश्यक छ ।
- शिक्षक कस्तो हुनुपर्दछ, उनीहरूमा पाइने ज्ञानको गहिराई, पेशा प्रतिको निष्ठा एवं इमान्दारिता र ति कुराहरू प्रतिको निष्ठा एवं इमान्दारिता र ति कुराहरूप्रतिको लापरवाहिका असरहरू प्रति पनि समाज सजग रहनुपर्दछ ।

समग्रमा के निष्कर्षमा पुग्न सकिन्छ भने अनुशासन विना कुनै पनि कार्यमा सफलता प्राप्त गर्न सकिदैन त्यसैले अनुशासनको पाठ सिक्न आवश्यक देखिन्छ ।

शैक्षिक निरीक्षण (वि.सं. २०६४) ले अभिभावकबाट विद्यालयमा निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा जानकारी लिन, दिन, शिक्षक, विद्यार्थी र अभिभावकको बीच घनिष्ठ सम्बन्ध हुनुपर्दछ । विद्यार्थीहरूको चौतर्फी विकास गर्न विद्यालयमा शैक्षिक वातावरण राम्रो बनाउन कक्षा अनुशासन राम्रो गर्नुपर्ने कुरामा जोड दिएका छन् ।

यसप्रकार समग्रमा भन्नुपर्दा शैक्षिक उपलब्धि सुधार गर्न कक्षा अनुशासन, नियमित पठनपाठन, विद्यार्थीहरूको विद्यालयमा नियमित उपस्थिति, शिक्षकहरू पनि अनुशासित मर्यादित र पेशाप्रति कर्तव्यनिष्ठ हुनुपर्दछ । व्यापक अर्थमा अनुशासन भन्नाले प्रभावकारी र दक्ष शैक्षिक प्रणालीका लागि आवश्यक स्रोतको पारदर्शिता र उत्तरदायी तरिकाले व्यवस्थापन सुनिश्चिततालाई बुझाउँछ । गुणस्तरीय शिक्षाको प्राप्तिका लागि राम्ररी संगठित, राम्ररी व्यवस्थापन, गरिएको र पारदर्शी शिक्षा प्रणाली आवश्यक पर्दछ ।

तसर्थ उन्नत र आर्दश प्रणाली स्थापित गरी वैयक्तिक सामाजिक र राष्ट्रिय उन्नतिमा सघाउन शिक्षा प्रणाली सुव्यवस्थित, सुसंचालित र अनुशासित हुनुपर्दछ यसका साथै विद्यार्थी तथा शिक्षक पनि अनुशासित रहनुपर्दछ ।

ओली (वि.सं. २०६२) द्वारा तयार पारिएको  शोधपत्र अनुसार कक्षा ९ र १० का विद्यार्थीहरू राष्ट्रिय गीत गाउँदा उपस्थित नहुने, कक्षामा उपस्थित नहुने, अतिरिक्त क्रियाकलापमा भाग नलिने र कक्षाछाडेर भाग्ने कुरा उल्लेख गरिएको पाइयो ।" जस अनुसार केटाहरूमा कम अनुशासन र केटीहरू बढी अनुशासित देखिए । अध्ययनकर्ताका सुझाव अनुसार छात्र सहभागिता बढाउन र शैक्षिक उपलब्धिमा सुधार गर्न स्थानीय निकायले ध्यान दिनुपर्ने र अभिभावकहरूमा शिक्षा सम्बन्धी कार्यक्रम संचालन गर्नुपर्ने देखियो ।

भण्डारी (वि.सं. २०६६) द्वारा तयार पारिएको  शोधपत्रका अनुसार विद्यार्थीका व्यवहारलाई छुट्याउने आधारको रूपमा ऐन कानुन, विद्यार्थी आचारसंहिता परीक्षाका नियम, धाािर्मक मान्यताहरू, सांस्कृतिक चालचलन र सामाजिक मूल्यमान्यताहरू रहेको पाइयो । अवस्था अनुसार हुनुपर्ने व्यवहार घरपरिवारमा मान्यजनको आज्ञापालना गर्नुपर्ने घरको काममा सहयोग गर्नुपर्ने देखियो । ठाउँ अनुसार विद्यार्थी अनुशासनलाई राम्रो अनुशासन, ठीकै अनुशासन, सामान्य उल्लङ्घन र गम्भीर उल्लङ्घन गरी चार तहमा बाँडिएको देखियो । समग्रमा कक्षाकोठाको अनुशासनले शैक्षिक उपलब्धिमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको पाइयो ।


कोइराला (वि.सं. २०५७, पृ. ४६९) ले आफ्नो निम्ति घर बनाउने भन्दा बाटोमा हिड्नेको निम्ति पाटीपौवा चौतारो बनाउने, आफ्नो निम्ति मात्र धारा, इनार, कुवा बनाउने भन्दा सार्वजनिक स्थलमा ढुङ्गे धारा, पोखरी, इनार बनाउने, कला, संस्कृति, धर्म र सभ्यताको पालना गर्ने र त्यस्ता काम गर्न पाएको र सकेकोमा आफ्नो जिन्दगीलाई सार्थक सम्झने परम्परा कहाँ गयो ? किन यति लोभ र स्वार्थी प्रवृत्ति बढ्यो ? यी सबै कुराको जरो कहाँ छ त भनेर खोज्दा शिक्षा प्रणालीमै भएको दोष त होइन भनेर भन्न थालिएको छ । चरित्र निर्माण देखि लिएर नैतिक मूल्य र मान्यताको परापूर्व कालदेखि स्थापित जगहरू नै उखेलिन थालेका त होइनन् । कोही भन्छन् विद्यालय तहदेखि विश्वविद्यालय तहसम्मको शिक्षाले नैतिक शिक्षाको महत्वलाई उचित स्थान दिन नसकेर नै यस्तो भउको हो ।

समग्रमा भन्नुपर्दा शिक्षण संस्था समाजका असल कुराहरूलाई जगेर्ना गर्ने उचित थलो भएका हुँदा सामाजिक मूल्य मान्यता र संस्कृतिलाई शिक्षण संस्थामा स्थापित गर्नुपर्दछ त्यस्तै नयाँ पिढीहरूमा पनि अनुशासनको पाठ सिकाउनु पर्दछ । त्यस्तै पेशाप्रतिको निष्ठा एवं इमान्दारिता र ती कुराहरू प्रतिको लापरवाहिताका कारण असरहरू प्रति पनि व्यक्ति एवं समाज सजग हुनुपर्दछ ।

## २.३ अवधारणात्मक ढाँचा

शिक्षक र विद्यार्थीहरूको अनुशासन सम्बन्धि अवधाणामा शिक्षक र विद्यार्थीको अनुशासन सम्बन्धि अपेक्षा के कस्तो छन् ? अनुशासन सम्बन्धि बर्तमान दृष्टिकोणको विश्लेषण गर्न, तथा विद्यालय वा कक्षाकोठामा अनुशासन कायम गर्न खोज्दा के कस्ता समस्याहरू आउन सक्दछन् ? आदि कुराहरू झल्काउन सजिलो होस् भन्ने दृष्टिकोणले निम्न किसिमको मार्ग चित्र तयार पारिएको छ ।

**अवधारणात्मक ढाँचा**


अनुशासनको स्थिति
कक्षाकोठा भित्र देखिएका व्यवहारहरू
व्यवहारमा देखिएका भिन्नता र तिनका कारणहरू
अनुशासन सम्बन्धि बिद्यार्थी र शिक्षकहरूको वर्तमान दृष्टिकोण
शिक्षण सिकाई क्रियाकलाप
विद्यार्थी शिक्षक बीचको सम्बन्ध
शिक्षकप्रति विद्यार्थीको धारणा
शिक्षक र विद्यार्थीहरूको अनुशासन सम्बन्धि अवधारणा
अनुशासन कायम गर्दा आइपरेका समस्याहरू
कक्षा छोड्ने समस्या
शिक्षणका क्रममा देखिएका समस्या
अनुशासन कायम गर्न अपनाइएका उपायहरू
विद्यार्थीलाई प्रोत्साहन र दण्ड सजाय
शिक्षक विद्यार्थी बिचको सम्बन्ध
शिक्षक विद्यार्थी नियमितता

कुनै पनि अध्ययन अनुसन्धानलाई सफल पार्नका लागि अध्ययन विधिको महत्वपूर्ण भूमिका हुन्छ । सो कार्य पुरा गर्न त्यसमा विभिन्न तरिका र माध्यमहरू अपनाउनु पर्ने हुन्छ । त्यस तरिका वा माध्यमलाई अध्ययन विधि भनिन्छ । के कस्तो उद्देश्य प्राप्तिको निम्ति, के कस्तो किसिमको साधन, स्रोत र प्रविधिको प्रयोग गर्ने, अध्ययन गर्ने क्रममा नमुनाको आकार कत्रो राख्ने, सुचना संकलनका साधनहरूलाई कसरी प्रमाणिकरण गर्ने भन्ने जस्ता कुराहरूलाई निश्चित तौरतरिकाहरूको प्रयोग गरी सुचना प्राप्त गर्नु नै अध्ययन विधि हो । यो अध्ययन अनुसन्धान गुणात्मक विधिमा निहित रही अध्ययन गरिने छ । खनाल को अनुसार गुणात्मक अनुसन्धान भन्नाले कुनै अवस्था, घटना, प्रकृया, तथा समस्याहरूको अध्ययन गर्ने उद्धेश्यले नामरूपी तथा क्रमागत स्केलमा मापन गरिएका असाङ्ख्यिक तथ्याङ्कलाई तार्किक विधिवाट विश्लेषण गरी निष्कर्षमा पुग्ने अनुसन्धानलाई बुझाउँछ । गुणात्मक अध्ययन ढाँचामा आधारित रहेकोले यस अध्ययनको उद्धेश्य अनुसार अनुसन्धानकर्ता स्वयं अध्ययन क्षेत्रमा प्रत्यक्ष सहभागी भई सत्य तथ्य सुचना संकलन गरिएको थियो ।

# परिच्छेद तीन

## अध्ययन विधि

### ३.१ अनुसन्धान ढाँचा

वास्तविक सुचना प्राप्तिको निम्ति के कस्ता स्रोत साधनहरूको प्रयोग गर्ने, ती स्रोत साधनलाई कसरी परिचालित गर्ने, कुन कुन सुचना प्राप्तिको निम्ति के कस्ता स्रोत र साधन आवश्यक पर्न सक्छन् भनि पूर्व निर्मित तालिकालाई नै अनुसन्धान ढाँचा भनिन्छ । अनुसन्धान ढाँचा अनुसन्धान गरिने विषयवस्तुको प्रकृति, अध्ययनको उद्देश्य र संकलित सूचनाहरूको प्रकृति हेरि निर्धारण गरिएको थियो ।

यस अध्ययन अनुसन्धानका लागि निम्न अनुसन्धान ढाँचाको प्रयोग गरिएको थियो ।

| **उद्देश्य** | **सुचनाको स्रोत (प्रतिक्रिया दाता)** | **सूचना संकलनका साधनहरू** |
|---|---|---|
| • शिक्षक र विद्यार्थीको अनुशासन सम्बन्धि अपेक्षा पहिचान गर्नु, | शिक्षक तथा कक्षा ८ र ९ का विद्यार्थीहरू | विद्यार्थी र, शिक्षकहरूसँगको अन्तर्वार्ता |
| • विद्यालयमा अनुशासनको वर्तमान अवस्थाप्रतिको दृष्टिकोण विश्लेषण गर्नु, | शिक्षक, विद्यार्थीहरूको अन्तर्वार्ता | शिक्षक र विद्यार्थीहरूसगँको अन्तर्वार्ता, |
| • विद्यालयमा अनुशासन सम्बन्धि समस्या र अपनाइएका समाधानका उपायहरू पहिचान गर्नु, | शिक्षकहरूको समूह र विद्यार्थीहरूको समुह | शिक्षक र विद्यार्थीहरूका लागि अन्तर्वार्ता |

### ३.२ नमुना छनोट प्रक्रिया

अध्ययन अनुसन्धानको प्रक्रियामा सम्पूर्ण जनसंख्यालाई समेट्नु नसकिने हुँदा वास्तविक र भरपर्दो सुचनाको निम्ति सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व हुने गरी नमुनाको आकार छनोट गरिएको थियो । यस अध्ययन प्रक्रियाको नमुना छनोट निम्न अनुसार गरिएको थियो ।

#### ३.२.१ विद्यालय छनोट

लुम्बिनी अञ्चल भित्र रहेकोरूपन्देही जिल्लाका सम्पूर्ण  विद्यालयहरूमध्ये सुविधाजनक नमुना छनोट विधिको प्रयोग गरी १ वटाविद्यालयलाई नमुना छनोटको रूपमा छनोट गरी अध्ययन अनुसन्धान गरिएको थियो । यस विधालय छनौट गर्नका लागि सर्वप्रथम त अध्ययनकर्ता स्वंमलाई पायक पर्ने समय कम लाग्ने आर्थिक कम लाग्ने साथै आवश्यक सुचनाहरु पूर्णरुपमा प्राप्त गर्न सकिने अपेक्षाका साथ सुबिधाजनक नमुना छनौट विधिको प्रयोग गरिएको थियो ।

#### ३.२.२ विद्यार्थी छनोट

शिक्षकहरूलको सल्लाह अनुसार कक्षा  ८ बाट सात जना र कक्षा ९ बाट  आठ जना गरी जम्मा १५  जना छात्रछात्रालाई अर्न्तवार्तामा सहभागी गराइएको थियो । अर्न्तवार्तामा सहभागी गराउनका लागि सर्वप्रथम कक्षाकोठामा विधार्थीहरुलाई गोलाप्रथाका माध्यमवाट विधार्थी छनौट गरि अध्ययन अनुसन्धानका लागि अर्न्तवार्तामा सहभागि गराइएको थियो ।

#### ३.२.३ शिक्षकहरूको छनोट

सुचना संकलनको स्रोतको रूपमा विद्यालयकाकक्षा ८ र ९ मा अध्यापन गराउने शिक्षकहरूमध्ये पाँचजना महिला शिक्षक र पाँच जना पुरुष शिक्षकहरू गरी जम्मा १० जना शिक्षकहरूसँग अर्धसंरचित अन्तर्वार्ता लिइएको थियो ।

### ३.३ अध्ययनका साधनहरूको निर्माण

सुचना संकलनको औजारको रूपमा तथ्यांक संकलनका साधनहरूलाई लिन सकिन्छ । वास्तविक एवं गुणात्मक सुचना संकलन गर्नको निम्ति निम्न साधनहरूको निर्माण गरिएको थियो ।

#### ३.३.१ अर्धसंरचित अन्तर्वार्ता प्रश्नहरूको निर्माण

शिक्षक र विद्यार्थीको अनुशासन सम्बन्धि अवधारणाका अपेक्षाहरू पहिचान  गर्न नमुना छनोटमा परेका विद्यार्थी,  तथा शिक्षकहरूसँग अन्तर्वार्ता लिई असल र अस्वीकृत व्यवहार गर्न शिक्षक

तथा विद्यार्थीको पहिचान, अनुशासन प्रतिको वर्तमान धारणा, अवस्था तथा समस्याहरूमा उनीहरूसगं अर्न्तवार्ता लिइयो । (अनुसूची १ र २ मा हेर्नुहोस्)

### ३.३.२ अवलोकन फाराम निर्माण

शिक्षक र विद्यार्थीको अनुशासन सम्बन्धि अपेक्षा पहिचान गर्न छनोटमा परेका प्रत्येक तहमा कक्षाअवलोकन गरी सुचनाको सत्य तथ्य जानकारी लिइयो ।

## ३.४ सूचना संकलन प्रक्रिया

यस अध्ययन अनुसन्धान कार्य पूरा गर्नका लागि अध्ययनकर्ता स्वयं अध्ययन क्षैत्रमा गएर सुचना संकलन गरियो । स-प्रमाण नमुना छनोटमा परेका विद्यालयमा गई विद्यालयका प्र.अ.लाई भेटेर आफ्नो अध्ययनको उद्देश्य स्पष्ट पारी अध्ययन गर्ने अनुमति र सहयोग लिइने छ । शिक्षक, विद्यार्थी छनोट जस्ता महत्वपूर्ण सम्बन्धित कार्यमा विद्यार्थी, प्र.अ., तथाशिक्षकहरूको सहयोग लिइयो । सूचनादाता र अध्ययनकर्ता बीच दोहोरो सम्बन्ध प्राप्त गरियो । क्षेत्र नोटको प्रयोग गरियो र क्षेत्र नोटमा आफूले देखेका, सुनेका, बुझेका र उद्देश्य अनुसारका सूचनाहरू नोट गरियो ।

अध्ययनको उद्देश्य पूर्तिको निम्ति नमुना छनोटमा परेका शिक्षकहरूसँग उपयुक्त बस्ने ठाउँ र समय मिलाई अर्न्तवार्ता निर्देशिका संचालन गरियो । त्यस्तै कक्षा शिक्षणका समयमा कम्तीमा पनि ३/३ पटक नमुना छनोटमा परेका तहका कक्षामा उपस्थित भई कक्षा अवलोकन गरियो र नमुना छनोटमा परेका छात्र/छात्राहरूको विद्यालय रेकर्ड फाइलहरूको पनि अध्ययन गरियो । उपयुक्त समय मिलाई शिक्षक र विद्यार्थीसँग पनि अन्तर्वार्ता लिइयो ।

## ३.५ सुचनाको विश्लेषण प्रक्रिया

अध्ययन अनुसन्धानकार्य एक जटिल कार्य हो । अध्ययन क्षेत्रबाट प्राप्त गरेको सुचना तबसम्म अर्थपूर्ण मानिँदैन जबसम्म प्राप्त सुचनालाई आफै बोल्न सकिने तरिकाले प्रस्तुत गर्न सकिँदैन । प्राप्त सुचनालाई सबैले बुझ्न सक्ने स्वरूपमा ढाल्न तालिका स्पष्ट पार्नु, स्तम्भ चित्र, वृत्त चित्र, बहुभुज, बक्ररेखाबाट देखाउन उपयुक्त ठानिन्छ । अर्थात सुचना संकलन, सम्पादन, साङ्केतिकरण, विश्लेषण, प्रस्तुतिकरण गरी आफै बोल्न सक्ने अवस्थामा पुऱ्याउन सक्नुपर्दछ । यस अध्ययन अनुसन्धानको अर्थबाट प्राप्त सुचनालाई सुचनाको प्रकृति हेरी विश्लेषण तथा व्याख्या गरियो ।

# अध्याय चार

## सूचनाहरूको विश्लेषण र व्याख्या

शिक्षक र विद्यार्थीको अनुसाशन सम्बन्धि अवधारणा नामक शोध शीर्षकलाई पुरा गर्नका निम्ति यस अध्ययनलाई नवलपरासी जिल्ला सुनवल नगरपालिका भित्रको एउटा विद्यालयमा सञ्चालन गरियो । यो अध्ययन शिक्षक र विद्यार्थीको अनुशासनको वर्तमान अवस्था प्रतिको दृष्टिकोण विश्लेषण गर्नु, विद्यालयमा अनुशासन सम्बन्धी समस्या र अपनाइएका उपायहरू पहिचान गर्नु, शिक्षक र विद्यार्थीबाट उद्देश्यनुसार विद्यार्थी अर्न्तवार्ता प्रश्नावली र शिक्षक अर्न्तवार्ता प्रश्नावलीद्धारा सुचनाहरू संकलन गरी विश्लेषण एवं व्याख्या गरिएको हो ।

्शिक्षक विद्यार्थीको अनुसाशन सम्बन्धी अवधारणा नामक शोधशीर्षकलाई पुरा गर्नको निमित्त नवलपरासी जिल्ला सुनवल नगरपालिका भित्रको एउटा विद्यालय श्री ज्योति उच्च मा.वि.मा सञ्चालन गरिएको थियो । यस विद्यालयको स्थापाना २०३८ साल फाल्गुन ११ गते स्थानीय बासिन्दाहरूको पहलमा सानो खरको झुपडीमा कक्षा ३ सम्म सञ्चालन गरिएको थियो । यो विद्यालयमा असनैया, तरगौली, ६नं., ८नं., रामपुर चौराहा, ढेकावर र शंकरपुर सम्मका विद्यार्थीहरू पढ्न आउने गरेको बुझियो । विस्तारै विस्तारै स्थानीय बासिन्दाहरूले शिक्षाको महत्व बुझ्दै गएपछि साथै विद्यार्थीहरूको बढ्ढो चापले गर्दा स्थानिय आमा समूह प्रत्येक घरधुरी गा.वि.स., नगरपालिका, विभिन्न संघ सस्थांहरू, विदेशमा रोजगारीका लागि गएका नेपालीहरूबाट आर्थिक रकम संकलन गरी त्यस विद्यालयलाई विस्तार गर्दै भवनहरू पक्की बनाइएको स्थानिय बासिन्दाहरूबाट थाहा हुन आयो ।

स्थापनाकालमा जम्मा १ जना शिक्षक र ८ जना विद्यार्थीहरू सहित स्थापना भएको त्यस विद्यालय हाल आएर उ.मा.वि. सम्म सञ्चालित रहेको छ ।हाल आएर त्यस विद्यालयमा विद्यालय स्तरमा मात्र जम्मा ५६९ विद्यार्थीहरू रहेका छन् ।जम्मा शिक्षकहरू ३१ रहेका छन् । जसमध्ये १४ महिला शिक्षक, १७ जना पुरुष शिक्षकहरू रहेका छन् । यस सोधशिर्षकलाई पुरा गर्नका लागि छनोटमा परेको यो विद्यालयले आजसम्म थुप्रै दक्ष जनशक्ति उत्पादन गरिरहेको छ । स्थानियस्तरका विद्यालयहरू, जिल्लास्तरका विद्यालयहरू साथै अञ्चल स्तरका विद्यालयहरूसँग प्रत्यक्ष प्रतिष्पर्धा गरि थुप्रै पुरस्कारहरू हात पार्न सफल भएको छ साथै एस.एल.सी. परीक्षामा राम्रो नतिजा ल्याउन सफल भएको छ । सोधशीर्षकलाई पुरा गर्नका लागि विद्यालयसँग सम्बन्धित १० जना शिक्षकहरू मध्ये ५ जना महिला शिक्षक र ५ जना पुरुष शिक्षकहरूमा यो अध्ययन सिमित गरिएको छ । विद्यालयमा मात्र यो अध्ययन सिमित गरिएको थियो । छनोटमा परेका विद्यार्थीहरूको कक्षा ८ र ९ मा मात्र यो अध्ययन सिमित गरिएको थियो । कक्षा ८ मा मात्र जम्मा २६ जना कक्षा ९ मा २९ जना विद्याथी रहेका छन् । यस अध्ययनमा शिक्षक र विद्यार्थीहरूको अनुशासन सम्बन्धि अपेक्षा परिचालन गर्नु, विद्यालयमा अनुशासनको वर्तमान अवस्थाप्रतिको दृष्टिकोण विश्लेषण गर्नु र विद्यालयमा अनुशासन सम्बन्धि समस्या र

अपनाइएका सामाधान का उपायहरू परिचालन गर्नु, शिक्षक र विद्यार्थीहरूबाट उद्देश्य अनुसार विद्यार्थी अर्न्तवार्ता प्रश्नावली र शिक्षक अर्न्तवार्ता प्रश्नावलीद्धारा सूचनाहरूको विश्लेषण एवम व्याख्या गरिएको छ ।

## ४.१ शिक्षक र विद्यार्थीको अनुशासन सम्बन्धी अपेक्षा

भौतिक मापनमा जस्तो मनोवैज्ञानिक मापनमा व्यक्तिका व्यवहार तथा क्रियाकलापलाई सजिलै सँग मापन गर्न सम्भव हुदैन र एकनासको परिणाम पनि आउन सक्दैन तर पनि अनुशासित व्यवहारका आधारमा कसरी पत्ता लगाउने ?कक्षा कोठाभित्र अध्ययन अध्यापनका क्रममा शिक्षक तथा विद्यार्थीको अनुशासन सम्बन्धी के धारणा छ ? शिक्षण कार्यको बेला शिक्षक तथा विद्यार्थी व्यवहारको स्थिति के कस्तो छ, यसले विद्यार्थीहरूको शैक्षिक प्रगति के कस्तो भइरहेको छ, कम अनुशासित विद्यार्थीहरूको व्यवहारले अनुशासित विद्यार्थीको व्यवहार र अध्ययनमा के असर पारेको छ र शिक्षक पनि आफ्नो पेशाप्रति कति उत्तरदायी छ ?कक्षा कोठाको भौतिक व्यवस्थापन बाह्य वातावरणले के कस्तो भुमिका निभाएको छ ? आदि कुराहरूको पहिचान गर्नु नै कक्षा कोठा भित्रको अनुशासनको स्थिति पहिचान गर्न शिक्षक तथा विद्यार्थी क्रियाकलाप र व्यवहारलाई मनोमानी ढंगले विश्लेषण गर्दा फरक पर्ने भएकाले सूचनादाताहरूको स्थिति परिचालन गर्न सकिन्छ ।

अध्ययन क्षेत्रको विद्यालयसँग सम्बन्धित सूचनादाताहरूको विचार तथा प्रत्यक्ष कक्षा अवलोकनका आधारमा कक्षाहरूमा अनुशासनको स्थिति पनि फरक नै देखिन आयो । कक्षाकोठाभित्र तथा वाह्य वातावरणमा विद्यार्थीका असल व्यवहार र अस्विकृत व्यवहारलाई कुन आधारमा कसरी छुट्टाउने भन्ने कुरामा सूचनादाताहरूको रूपमा रहेका विद्यार्थी, शिक्षक तथा अध्ययनकर्ताको प्रत्यक्ष कक्षा अवलोकनका आधारमा निम्न अनुसार उल्लेख गरिएको छ ।

कानुनको आधारमा लिङ्गगत र जातिगत हिसाबले विद्यार्थीहरूलाई भेदभाव गर्नु हुदैन भन्नु र त्यसै अनुरूप व्यवहार गर्नु असल व्यवहार भित्र पर्न जान्छ भने लिङ्गगत र जातिगत हिसाबमा साथीसङ्गती सँग भेदभावपुर्ण व्यवहार गर्नु कानुनको आधारमा अस्विकृत व्यवहार मानिन्छ भन्ने कुरा देखियो । यसरी विद्यार्थीको व्यवहार छुट्टाउनका लागि कानुनलाई एउटा आधारको रूपमा लिन सकिन्छ किनभने कानुनले गर्नु भनेको कुरा गर्नुपर्दछ नगर्नु भनेको कुरा गर्नु हुदैन । कानुन बमोजिम क्रियाकलापहरू अनुशासित क्रियाकलाप हुन भने कानुनको उल्लंघन कानुनको उल्लंघन हो ।

विद्यालय आचारसंहिताका आधारमा निश्चित समयमा विद्यालय आउनु, छुट्टी भैसकेपछि मात्र घर फर्कनु, कक्षा छोडेर नजानु, विद्यालयको नियममा बस्न, आचारसंहिताको पालना गर्नु, विद्यालय प्रशासनले निर्धारण गरेका नियममा बस्नु जस्ता व्यवहारलाईअसल व्यवहार भनिन्छ भने विद्यालयको नियम विपरीत हुने कार्य गर्नु अस्विकृत व्यवहार भित्र पर्दछन । त्यस विद्यालयमा आचारसंहिता निर्धारण गरेतापनि त्यस बमोजिम पालना नगरेको पाइयो अर्थात् कम देखियो ।

कक्षाकोठाभित्र शिक्षकले अध्यापन कार्य गर्दा शिक्षकको आज्ञापालन, नियमित गृहकार्य, कक्षाकोठाभित्र साथीहरूसँगको व्यवहार, शिक्षकले सोधेका प्रश्नको उत्तर, अध्यापन गर्दा नबुझेका कुराहरू सोध्ने, कक्षामा हुने अतिरिक्त क्रियाकलापमा भाग लिने, सबैसँग मित्रवत व्यवहार गर्नु, फरक धार्मिक संस्कृति तथा मुल्यमान्यता अपनाइएका साथीभाईहरूको कदर, विद्यालय पोशाकमा रहनु आदि कार्यहरू विद्यार्थी अनुशासनभित्र पर्दछन् । त्यस्तै शिक्षकले पनि आफ्नो विषयवस्तुप्रतिको दक्षता फरक फरक मनोविज्ञान बोकेका विद्यार्थीहरूसँगको व्यवहार कक्षाकार्य तथा विद्यालय समयमा कुनैपनि खालको दुर्व्यसरीको प्रयोग नगर्नु, दैनिक पाठयोजना तथा वार्षिक पाठयोजना र विषयवस्तुले बोकेका उद्देश्यहरूप्रतिको प्रयोग गर्नु सक्नुपर्दछ । दोस्रोलाई उज्यालो दिनेले पहिला आफै बल्नु पर्दछ भने झै शिक्षकहरूलेपनि आफु पहिला अनुशासित भएर बस्नुपर्ने देखिन्छ तब मात्रै विद्याथीहरूलाई अनुशासनको पाठ सिकाउन सकिन्छ ।

जोन्सको(1987 )दृष्टिकोण आलोचनामा उनका अनुसार कसैको बानी व्यवहार सुधार्नका लागि कुनै एउटा साधारण तरिका हुदैन । यस नमुनाबाट स्पष्ट हुन्छ की सबै सिकारु व्यक्तिहरू वा विद्यार्थीहरू फरक हुन्छन जसरी समय परिस्थिति फरक हुन्छ । यी अर्न्तदृष्टिको महत्व तब हुन्छ जब हामी एकै तरिकाको दृष्टिकोणलाई छाडेर त्यस्तो दृष्टिकोणलाई हेर्दा जसले सिकारु व्यक्तिको चेतना उसको आवश्यकता तथा विशेष अवस्थाको ख्याल गर्दछ । यसले अनुशासन बनाई राख्न सक्ने शिक्षकको असाधारण क्षमताको समिक्षा गर्ने ठाँउ बनाउछ ।

अनुशासन भन्नाले निश्चित समयमा बस्नु भन्ने बुझिन्छ । अनुशासनले मानिसलाई असल सभ्य र सफल जिवन बिताउन सहयोग गर्दछ । निश्चित नियममा बाधिएर सफल रूपमा काम सम्पन्न गर्ने वा अनुशासनको घेरामा रहेर आर्दश जीवन व्यतित गर्ने व्यक्तिलाई पुरस्कार दिनुपर्दछ जसले गर्दा उसमा थप अनुशासनको पालना गर्ने उत्साँह बढेर आउछ र ऊ झन अनुशासित बन्दछ । त्यस्तै अनुशासनको नियममा नरहने उत्श्रृंखला व्यवहार प्रर्दशन गर्ने व्यक्तिलाई दण्ड दिने प्रचलन अझै पनि छ । व्यक्तिलाई सही बाटोमा डोऱ्याउने क्रममा उसलाई उसलाई सकारात्मक पुनर्वल दिएर पनि सुधार गर्न सकिन्छ । सकारात्मक पुर्नवलले व्यक्तिमा सही काम गर्ने उत्साह बढेर आउछ त्यस्तै कुनैपनि व्यक्तिलाई सकेसम्म नकरात्मक पूर्नवल दिनुहुदैन जसले गर्दा व्यक्तिमा नकरात्मक सोचको हावी भई उ मानसिक असन्तुलित हुनसक्छ त्यसैलै व्यक्तिलाई अनुशासित राख्नेक्रममा उसलाई सकारात्मक पुर्नवलका माध्यमबाट सही मार्गमा डोऱ्याउनुपर्दछ भन्ने सोचाई प्रगतिबादीहरूको रहेको छ ।

त्यस्तै व्यवहारवादी सोचाई अनुसार पुर्नवलको साटो दण्ड दिनु आवश्यक कुरा हो । तिनिहरूको भनाई अनुसार महत्वपुर्ण प्रविधिहरूको प्रयोग गरेर पुर्नवल दिनुपर्दछ । विद्यार्थीहरूलाई घृणाको दृष्टिबाट हेर्नु हुदैन । दण्डले व्यावहारमा परिवर्तन गराउनु अनुशासन होईन । Skinner का अनुसार (Quoted in Tuckman 1992-61 ) जब खतरा व्यवहार प्रर्दशन गरेवापत दण्ड दिईन्छ त्यसपछि तिनीहरूमा झन नकरात्मक व्यवहार प्रर्दशन, सोच, रिस र घमण्ड उत्पन्न हुन्छ जसले गर्दा नराम्रो परिणाम आउँछ ।

तिनीहरूको गल्ती कमजोरीलाई सकारात्मक पुर्नवलका माध्यमबाट उनीहरूको व्यवहारमा परिवर्तन ल्याउनुपर्दछ । दुर्व्यवहार प्रर्दशन गरेवापत उनीहरूलाई सबैको अगाडि सजाय वा दण्ड दिनु गलत काम हो । उनीहरूलाई व्यक्तिगत जीवनमा आँच नआउने गरी दण्ड वा पुरस्कारका माध्यमबाट सकारात्मक व्यवहार प्रर्दशन गर्ने वातावरण सृजना गराउनुपर्दछ ।

### ४.१.१ अवस्थाअनुसार शिक्षक तथा विद्यार्थीहरूमा हुनुपर्ने व्यवहारहरू

प्रत्येक व्यक्तिले आफ्नो राम्रो वा नराम्रो गुणको विकास घर परिवारबाट निर्माण गर्दछ । थप गुणहरू विद्यालय तथा समुदायबाट सिक्दै जान्छ । व्यक्तिले गाँउ वा क्षेत्र अनुसार देखाउने राम्रो गुणलाई असल व्यवहार र खराव गुणलाई अस्विकृत व्यवहार भनिन्छ । विभिन्न क्षेत्रअनुसार विद्यार्थीमा हुनुपर्ने गुणलाई विद्यार्थीमा हुनपर्ने गुणलाई विद्यार्थी र शिक्षकहरूको प्रतिक्रियाको आधारमा उल्लेख गरिएको छ ।

कक्षाकोठामा आफ्नो बस्ने ठाउमा बस्नु, सधै कक्षाकोठा सफा सुग्घर राख्नु, आफुपनि सफा भएर आउनु साथीसँग मित्रवत व्यवहार गर्ने, शिक्षकको आज्ञापालन गर्नु जस्ता असल व्यवहारहरू विद्यार्थीहरूमा हुनुपर्ने गुण हुन भनी शिक्षकले बताएका छन् । कक्षाकोठामा हुनुपर्ने विद्यार्थीका असल व्यवहारमा कक्षाकोठामा प्रवेश गर्दा वा एक्कासी बाहिर जानुपर्दा शिक्षकसँग अनुमति लिनुपर्ने, कक्षाकोठामा शान्त भएर बस्नुपर्ने , दिएका कार्यहरू गर्नुपर्ने, आफुले नजानेका कुराहरू मर्यादापुर्वक शिक्षकसँग राख्नु र नजान्ने विद्यार्थीहरूलाई सक्दो सहयोग गर्नुपर्ने जस्ता व्यवहार हुन भनि बताएका छन् । त्यसैगरी कक्षाकोठामा विद्यार्थीले गर्नुपर्ने अस्विकृतमा कक्षामा प्रवेश गर्दा अनुमति नमागी भित्र पस्ने, बस्दा कोच्चिएर बस्ने, शिक्षकले पढाईरहदा साथीहरूसँग गफ गरेर, हल्ला गरेर र हासेर बस्ने, गृहकार्य नगर्ने, अरु विद्यार्थीहरूको सारेर देखाउने, प्रश्न सोध्दा आफु जान्ने हुँ भन्ने पाराले सोध्ने, पढाइमा ध्यान नदिने , बाहिर निस्कदा होहल्ला गरी आफू पहिला निस्किन खोज्ने जस्ता गुणहरू अस्वीकृत व्यवहार हुन भने विद्यार्थी र शिक्षकहरूले वताए ।

त्यसै गरि अवस्थाअनुसार शिक्षक तथा विद्यार्थीहरूमा हुनपर्ने  व्यावहारको बारेमा कक्षा अवलोकन गर्दा विद्यार्थी र शिक्षकहरूको व्यवहारको अवलोकन गरिएको थियो । शिक्षकहरूले विद्यार्थीहरूलाई गर्नुपर्ने व्यवहार तथा विद्यार्थीहरूले शिक्षकहरूलाई गर्नुपर्ने व्यवहारको बारेमा अध्ययन अध्ययन तथा अनुसन्धान गरिएको थियो ।जसमा विद्यार्थीहरूले शिक्षकहरूलाई नटेरेको कानेखुसी गरेको, पढाइरहदा शिक्षकहरूको कुरालाईवेवास्ता गरेको पाइयो । कक्षामा यस्तो व्यावहार  प्रर्दशन गर्ने विद्यार्थीहरूको संख्या न्युन रहेपनि शिक्षण सिकाईमा प्रत्यक्ष असर परिरहेको पाइयो । त्यस्तैगरि शिक्षकहरूपनि कक्षामा ढिलो प्रवेश गर्ने, विषय वस्तु पर्याप्त नदिने , कक्षामा विद्यार्थीहरूसँग प्रत्यक्ष सम्पर्कमा नरहने, झन्झटिलो तरिकाले अध्यापन गर्ने शिक्षकहरूको संख्यापनि न्युन रहेको पाइयो तर यस्ता न्युन शिक्षकहरूको मात्राले सम्पुर्ण विद्यालय वातावरणलाई नै खलल पारेको देखियो । त्यस्तैगरि विद्यालयमा कक्षाकोठाको आकारले पनि विद्यार्थी तथा शिक्षकलाई अनुशासित हुनबाट प्रत्यक्ष प्रभाव पारेको देखियो । कक्षाकोठामा बसाईको व्यवस्था नमिलेको पाइयो । विद्यार्थीहरू कोच्चिएर बसेका,

आपसमा कुराकानी गर्ने, शिक्षकलाई कुनै मानसम्मान नदिने, विषयवस्तुमा चासो नदेखाएको पाइयो । विद्यालयको नजिक मुलसडक रहेको हुँदा विद्यालय प्राङ्गणमा तथा कक्षाकोठामा प्रत्यक्ष होहल्ला भएको पाइयो । त्यस्तै गरि धेरैजसो विद्यालय समाजसँग प्रत्यक्ष सम्बन्धित हुनेहुनाले सामाजिक वातावरण तथा समाजको व्यवहारले पनि अनुशासनमा प्रत्यक्ष प्रभाव रहेको पाइयो । त्यस्तैगरि विद्यार्थी र शिक्षककहरूबिच पनि खासै अर्न्तक्रिया नरहेको पाइयो । विद्यार्थीहरूले शिक्षककहरूलाई गर्ने व्यवहार  तथा शिक्षककहरूले विद्यार्थीहरूमा गर्ने व्यवहार निकै रुष्ट पाइयो । जसले गर्दा अनुशासनमा प्रत्यक्ष प्रभाव परेको पाइयो ।

त्यस्तै शिक्षककहरूले पनि आफुले पठनपाठन गर्नुपर्ने विषयमा पाठले दिएका उद्देश्यका आधारमा पठनपाठन गराउनुपर्ने फरक फरक मनोविज्ञान बोकेका विद्यार्थीहरूसँगको व्यवहार, कुनैपनि किसिमको लागु पदार्थको सेवन नगरी कक्षा शिक्षण गर्नुपर्ने, आफ्नो विषयप्रति दक्ष, विद्यार्थीले प्रश्न सोध्दा झोक्किएर र विद्यार्थीको मनोबिज्ञानमा असर पर्ने गरी उत्तर दिने जस्ता कार्यहरू अस्विकृत व्यवहारहरू हुन भनी प्रतिक्रियादाताहरूको भनाई देखिन्छ। प्रतिक्रियादाता अनुसार विद्यार्थीले पनि कक्षा शिक्षणका बेला शान्त भएर बस्नुपर्ने, नबुझेका कुराहरू शान्त भएर सोध्नुपर्ने, आज्ञाकारी आदारभाव र सहयोगी जस्ता व्यवहारहरू हुनुपर्ने कुरा औल्याएका छन् । शिक्षकले नसुन्ने गरी गाली गर्ने, शिक्षककहरूलाई अनावश्यक उपनामहरू दिने, भेटहुँदा नमस्कार नगर्ने, शिक्षक कोठामा प्रवेश गर्दा नउभिने, नचाहिदा माग लिएर सबै एकैचोटी कार्यालय भित्र प्रवेश ग निर्माण कक्षा अनुशासन Bosten Allyn and BeconSigmundमनोविश्लेषण साईको अनुशासन एक रोगी र एक मनोविश्लेषक विच संवाद मार्फत Psychopathologyउपचारको लागि एक नैदानिक विधि स्थापित गर्ने अष्ट्रियामा न्युरोलस्ट थियो, आइडी,अहमर सुपर आफ्नो पछि काममा मनोविश्लेषण मानव मानसिकता तीन भागमा विभाजित गर्न सकिन्छ भन्ने प्रस्तावित । आइडीको खुसी “खुसीसिद्धान्त”मा संचालित र आधारभुत चाहना र ड्राइवको स्रोत हो की मानिसको पूर्णतया अचेत, हडवडे,वच्चाको जस्तो भाग हो ,यो तत्काल खुसी र सन्तुष्टि खोज्छ ।यो अहम वास्तविकता सिद्धान्तअनुसार
(अर्थात यो वरु शोक ल्याउन भन्दा लामो समयमा फाईदा हुनेछ । व्यवहारिक तरिकामा आईडीले गरेको खुसी पार्न खोज्छ । अन्तमा सुपर अहम पूर्णताका लागि  लक्ष्य । यो व्यत्तित्व संरचना संगठन अंश मुख्य रूपतर पुरै अचेत छैन् व्यक्तिको अहम आर्दशहरू आध्यात्मिक समावेश भनेर रहेका लक्ष्य भलो र समालोचना र तिनको ड्राईव,कल्पनाका भावना र कार्यहरू निशेष कि मानसिक एजेन्सी ।

र्ने, मनपरी बोल्ने जस्ता व्यवहारहरू अस्विकृत व्यवहारहरू हुन सक्ने कुराहरू शिक्षक तथा विद्यार्थीहरूको प्रतिक्रिया विश्लेषणबाट देखिएको छ ।

अर्न्तवार्तामा सहभागी १० जना शिक्षकहरु मध्ये १० जना शिक्षकहरुले नै अनुशाशित विधार्थीका व्यवहारहरु वा विधार्थीवाट सकारात्मक धारणाको अपेक्षा राखेको बताए । विधार्थीहरु चरित्रवान पढाईप्रति रुचि राख्ने शिक्षकसगं घुलमिल हुने विद्यालयको आचारसहिंता पालना गर्ने मेहनती लगनशील अरुको

मानसम्मान गर्ने शान्त मर्यादित व्यवहार प्रकट गर्ने शिक्षकलाई आदर सम्मान गर्ने साथीहरुसगं मिलनसार व्यवहार प्रर्दशन गर्ने सहयोगी विद्यार्थीहरुको अपेक्षा गरेको पाइयो ।

त्यस्तैगरि अर्न्तवार्तामा सहभागी १५ जना सहभागी विद्यार्थीहरु मध्ये १० जना विद्यार्थीहरुले शिक्षकहरुका बारेमा यस्ता धारणा व्यक्त गरेका छन । शिक्षकहरु व्यवहारिक विषयवस्तुमा पोक्त दक्ष मिलनसार सबैलाई समान व्यवहार गर्ने गरेको पाईयो भने ५ जना विद्यार्थीहरुले शिक्षकहरुप्रति छुटटै खालको धारणा व्यक्त गरेका छन् । शिक्षकहरुले पढाईप्रति बढी समय गफ गरेर बिताउने विषयबस्तु पूर्ण रुपमा दिन नसक्ने कक्षाकोठामा मोबाइल चलाएर बस्ने कक्षामा ढिलो प्रवेश गर्ने र छिटो निस्कने सबैलाई समान व्यवहार नगर्ने नबुझेको कुरा सोध्दा झर्कने जान्ने विद्यार्थीहरुलाई मात्र ध्यान दिने कहिलेकाहि गृहकार्य नगर्दा नराम्रो व्यवहार देखाउने गृहकार्य सही हुदा र नहुदाको प्रतिकृया केही व्यक्त नगर्ने कहिलेकाही कक्षामा ढिलो प्रवेश गर्दा एक घण्टीभरि कक्षामा उभ्याइदिने जस्ता नकरात्मक व्यवहार गर्ने गरेको बताए।

यसप्रकार समग्रमा के भन्न सकिन्छ भने विद्यार्थी र शिक्षकहरुले सकारात्मक व्यवहार प्रर्दशन गरेर शिक्षण शिकाइ कृयाकलाप गरेमा शिक्षण प्रभावकारी भई अनुशासन पनि कायम हुने देखियो । जसले गर्दा विद्यार्थी र शिक्षकहरु अनुशाशित भएर नकरात्मक व्यवहार प्रर्दशन गर्ने व्यक्तिलाई सकारात्मक पुर्नवलका माध्यमबाट पृष्ठपोषण दिएर अनुशाशित बनाउनु पर्दछ त्यसका लागि विद्यार्थी शिक्षक अभिभावक प्र.अ. का साथै सम्पूर्ण विद्यालय परिवार नै लागि पर्नु पर्ने देखियो ।

### ४.१.२. कक्षाकोठाभित्र विद्यार्थीहरूमा देखिएका व्यवहारहरू

शिक्षक र विद्यार्थीबाट आएका प्रतिक्रियाअनुसार अनुशासित विद्यार्थी आफ्नो ठाउँमा मात्र बस्ने, शिक्षकको आज्ञापालन गर्ने, कक्षामा शान्त भएसर बस्ने गरेको देखियो भने अस्वीकृत व्यवहार गर्ने विद्यार्थीहरूको अवलोकन गर्दा ठाँउ छदाछदै कोच्चिएर बस्ने, कानेखुशी गर्ने, शिक्षक पढाइरहदा बिनाकारण हासेर अरुलाई अवरोध खडा गर्ने जस्ता क्रियाकलापहरू देखिए । शिक्षक र विद्यार्थीबाट आएका सुचना अनुसार कोच्चिएर बस्ने, शिक्षकले पढाइरहदा साथीसँग गफ गरिरहने हल्ला गरेर बस्ने, गृहकार्य नगर्ने, प्रश्न सोध्दा आफु जान्ने हुँ भन्ने पाराले प्रश्न सोध्ने , पढाइरहदा ध्यान नदिने, कक्षाबाट बाहिर निस्कदा होहल्ला गरी आफु पहिला निस्किन खोज्ने जस्ता व्यवहार देखाउने गरेको देखियो ।

कार्यालयमा देखिएको क्रियाकलापको बारेमा शिक्षक र विद्यार्थीहरूबाट आएका विचारहरूलाई विश्लेषणत्मक रूपमा हेर्दा अनुशासि विद्यार्थीहरूले प्रधानाध्यापक र शिक्षकसित शिष्ट व्यवहार गर्ने गरेको, आज्ञापालन गर्ने गरेको, कक्षाकोठाभित्र पस्नु परेमा शिक्षकको अनुमति लिने गरेको देखियो । शिक्षकका विचारमा अनुशासित विद्यार्थी कक्षाकोठामा शान्त भएर बस्ने, दिएको कार्य पुरा गर्ने, साथीसँग मिलेर बस्ने, गुरुहरूको सम्मान गर्ने गर्दछन । कम अनुशासित विद्याथीहरू शिक्षक र प्रधानाध्यापकले नसुन्ने गरी गाली गर्ने, उनीहरूको नामाकरण गर्ने, आज्ञापालन नगर्ने, बिनाकाम कार्यालयमा पस्ने, अश्लील शब्दको प्रयोग गर्ने गर्दछन भन्ने प्रतिक्रया प्राप्त भए ।

### ४.२. विद्यालयमा अनुशासनको वर्तमान अवस्थाप्रतिको दृष्टिकोण विश्लेषण गर्नु

अनुशासनले विद्यार्थीहरूको पठनपाठनमा निश्चय नै सकारात्मक तथा नकरात्मक प्रभाव पार्दै आएको हुन्छ । त्यसैले अनुशासनको वर्तमान अवस्था के कस्तो छ त्यसको बारेमा शिक्षक तथा विद्यार्थीहरूका विचारलाई यस प्रकार विश्लेषण गरिएको छ ।

#### ४.२.१. शिक्षण सिकाई क्रियाकलाप

कक्षाशिक्षणलाई प्रभावकारी ढंगले सु-सञ्चालन गर्न तथा शिक्षणका उद्देश्य पुर्ति गर्नु कक्षाकोठामा अनुशासन हुनु जरुरी हुन्छ । अध्ययन क्षेत्रको छनोटमा परेको विद्यालयका कक्षा ८ र ९ का गरी १५ जना विद्यार्थी र अध्यापनरत शिक्षकहरू जम्मा १० जनामा अर्न्तवार्ता प्रश्नावली गरी यो अध्ययन गरिएको छ । कक्षा ८ र ९ का विद्यार्थीहरू शिक्षकले कक्षा शिक्षण गरि रहँदा चकचके तथा गफ गर्ने , कानेखुसी गर्ने, शिक्षकहरूलाई जिस्काउने जस्ता कार्य गर्ने केही विद्यार्थीहरूले पुरै कक्षा अवरोध र पढने खालका विद्यार्थीको पठनपाठनमा पनि अवरोध सृजना गर्ने भन्ने खालका प्रतिक्रियाहरू प्राप्त भए । तुलनात्मक रूपमा अनुशासनको वर्तमान अवस्था सामान्य देखिन आयो । शिक्षण सिकाई क्रियाकलापका बेला विद्यार्थीहरूले बुझे नबुझेका कुराहरूको मूल्याङ्कन पनि केही मात्रामा गरेका भेटिन आयो ।

प्रत्यक्ष कक्षा अवलोकनका आधारमा पाठयोजना निर्माण तथा शैक्षिक सामाग्रीको प्रयोग पनि कमै मात्रामा प्रयोग गरि अध्यापन कार्य गर्ने गरेको देखियो जसले गर्दा कक्षा शिक्षणका बेला विद्यार्थीहरूलाई बोझ महसुस हुने देखियो । प्रतिक्रियादाता विद्यार्थीहरूका अनुसार पनि कक्षा अनुशासनलाई गहनाको रूपमा लिए पनि प्रयोग भने कमै मात्रामा भएको देखियो । शिक्षकले शिक्षण गर्दा नबुझेका कुराहरू पनि बुझे जस्तै गरि बस्ने जस्ता क्रियाकलापहरू भेटिए । शिक्षण सिकाई वातावरण एवं प्रभावकारी बनाउन पनि कक्षा अनुशासन कायम गराउन पर्दछ । शिक्षक कक्षा शिक्षण सञ्चालन गर्ने प्रमुख व्यक्ति भएको कारणले स्वभावत : उसमा अनुशासन कायम गर्ने सीपहरू हुनु जरुरी छ ।

#### ४.२.२. विद्यार्थी शिक्षकबीचको सम्बन्ध

शिक्षक र विद्यार्थीहरूको सम्बन्ध मालिक र नोकरले जस्ते हुनुहुदैन । शिक्षक र विद्यार्थीको सम्बन्ध मित्रवत र साथीको जस्तो हुन पर्दछ । विद्यार्थीले शिक्षकको नाम लिने बित्तिकै डराउने शिक्षकको नजिक नजाने जस्तो वातावरणको सुजना हुनु हुदैन । विद्यार्थी आफ्नो सानो समस्यालाई शिक्षकसँग सजिलै भन्न सक्ने जहाँसुकैपनि मनमा लागेका कुरा सोध्न सक्ने वातावरणको सृजना हुनुपर्छ । केही विद्यार्थीहरूका प्रतिक्रिया केही शिक्षकहरू नमस्ते गर्दा पनि नमस्ते नर्फकाउने, बोलाउदा पनि नबोल्ने, नजानेका कुराहरू सोध्दा झर्को मान्ने गरेको बताए भने केही शिक्षकहरू विद्यार्थीहरूको मनोभावना बुझ्ने, विद्यार्थीलाई माया गर्ने, सबैलाई सम्मान गर्ने खालका हुने गरेको बताए । त्यस्तै शिक्षकहरूका प्रतिक्रियाअनुसार केही विद्यार्थीहरू पनि शिक्षकलाई नटेर्ने अभिभादन नगर्ने, सम्मान नगर्ने खालका भेटिए भने केही विद्यार्थीहरू भने शिक्षकलाई सम्मान गर्ने, भनेका कुरा मान्ने, सम्मान गर्ने खालका पनि छन

भन्ने कुरा बताए । समग्रमा सबै विद्यार्थीहरूले व्यवहारमा आफ्ना शिक्षक र शिक्षकहरूले विद्यार्थीहरूको बीचको सम्बन्ध समग्रमा राम्रै रहेको बताए ।

### ४.२.३. शिक्षक प्रति विद्यार्थीको धारणा, विद्यार्थीप्रति शिक्षकको धारणा

शिक्षकहरूले विद्यार्थीसँग जस्तो प्रकारको व्यवहार गर्दछ, विद्यार्थीको शिक्षकप्रतिको धारण पनि त्यसै अनुसार विकासित हुन्छ । शिक्षक कक्षाकोठामा अलौकिक व्यक्तिको रूपमा प्रस्तुत हुनु, विद्यार्थीलाई डर देखाएर शिक्षण गर्नु , शिक्षकले जस्तो प्रकारको व्यवहार देखायो शिक्षक प्रतिको विद्यार्थीको धारण पनि त्यस्तै अनुसार बन्दछ । अनुशासनका दृष्टिले शिक्षकप्रतिको विद्यार्थीको धारण बुझ्नको लागि गरिएको अर्न्तवार्ता प्रश्नावलीमा विद्यार्थीहरूले शिक्षकहरूको व्यवहार ठीकै हो भन्ने धारण व्यक्त गरे भने शिक्षकहरूले विद्यार्थीहरूको धारणा सामान्य रहेको बताए ।कतिपय विद्यार्थीहरूले शिक्षकहरूसँग डर लाग्ने बताए । प्रश्न सोध्दा कुनै कुनै शिक्षकहरू झर्कने धम्की दिने, यतिपनि नजान्ने भनि विद्यार्थीहरूलाई कराउने बताए । यसरी शिक्षकहरूप्रति विद्यार्थीहरूको धारणा मिश्रित रहेको बताए । यसरी समग्रमा हेर्दा अझैपनि केही शिक्षकहरूमा विद्यार्थीलाई दण्ड दिनुपर्छ भन्ने धारण कायमै रहेको पाइयो ।

### ४.२.४ विद्यार्थी सकृयता

कक्षा अनुशासनमा विद्यार्थी सकृयताले महत्वपूर्ण भूमिका निभाएर पाइन्छ । कक्क्षा शिक्षणलाई समुचित ढंगले अगाडि बढाउन शिक्षकका हरेक क्रियाकलापहरूमा विद्यार्थी पूर्ण रूपले भाग सिलनुपर्ने देखिन्छ । जसले गर्दा पाठकको लक्ष्य पुरा हुन जाने हुन्छ । अध्ययन क्षेत्रको विद्यालयको प्रत्यक्ष अवलोकनका आधारमा शिक्षकले पढाइरहेदा कक्षाकोठामा साथी जिस्काउने, कानेखुसी गर्न, फेसवुक, चलाउन, गित सुन्न, गृहाकार्य नगर्न शिक्षकले पढाएको कुरा शिक्षण प्रभावकारी रूपमा नभएको देखियो, तुलनात्मक रूपमा यस्ता उद्देश्य, विद्यार्थीहरू न्युन भएपनि अरु पढ्ने विद्यार्थीका पनि पढाइमा अवरोध सृजना हुने देखियो । यस्ता विद्याथीहरूलाई पनि अनुशासनको घेरामा वाध्ने प्रयास गरेर शिक्षण, प्रभावकारी हुने देखियो साथै विद्यालयमा हुने विभिन्न प्रयोगात्मक क्रियाकलापमा सहभागी गराई उनीहरूको मनोवल उच्च राखि प्रयोगात्म रूपमा शिक्षण गराउन सके पढाइ राम्रो रूपमा संचालन गरि अध्ययन कार्य गर्दा राम्रो हुन्थ्यो भन्ने प्रतिकृयाद्वारा पनि पूर्ण रूपमा लागु हुन भने नसकेको कक्षा अवलोकनद्वारा पुष्टि हुन्छ यसरी समग्रंमा हेर्दा अवलोकन गरिएका कक्षाा कोठाहरूमा कक्षा अनुशासन मिश्रित रहेका देखिन्छ ।

## ४.३ अनुशासन सम्बन्धी समस्याहरू

अनुशासन सम्बन्धी समस्याहरू पत्ता लगाउन अध्ययन क्षेत्रका शिक्षक, विद्यार्थीहरूसंगको अर्न्तवार्ता वाट प्राप्त सुचनाहरूको अनुसार अनुशासन पालना गर्न आइपरेका समस्याहरू निम्नअनुसार रहेका देखिए ।

### ४.३.१ कक्षा छोड्ने समस्या

कक्षा शिक्षणका समयमा विद्यार्थीले कक्षा छोड्ने मुख्य समस्या हो । जसले गर्दा विद्यार्थीहरूले शैक्षिक उपलब्धीमा प्रत्यक्ष असर पुऱ्याएको हुन्छ । अध्ययन क्षेत्रको शिक्षक र विद्यार्थीवाट प्राप्त सुचनाअनुसार विद्यालयमा अनुशासनको अवस्था एकदमै नाजुक र जवरजस्ती अनुशासन पालन गर्न लगाउँदा दण्डले प्रयोग गर्नु पर्ने दण्डको प्रयोग गर्दा एक हप्तासम्म घरैमा बसि दिने कक्षा छोडेर भाग्ने शिक्षककहरूसँग अपशब्द वोल्ने, कक्षामा मनपरि वाहिर भित्र गर्ने, जसले गर्दा पढिरहेका विद्यार्थीहरूको पनि अध्ययन कार्यमा वाधा परिहेका भन्न्ने कुरा प्राप्त भए, अध्ययन क्षेत्रको कक्षा अवलोकनबाट पनि के भन्न सकिन्छ भने कक्षामा यस्ता विद्यार्थीहरूको संख्यात्मक विवरण न्युन भए पनि अरु लगनशील विद्याथीहरूले पनि यो समस्याको सिकार वन्न पुगेका देखिन आयो ।

### ४.३.२ शिक्षणका क्रममा देखिएका समस्या

शिक्षण एक चुनौतिपूर्ण कार्य हो । एउटा शिक्षकले कक्षाकोठामा प्रस्तुत भई विष्यावस्तु पढाउनु मात्र नभई विद्यालयसँग सम्वन्धित सम्पूर्ण भूमिका निर्वाह गर्नुपर्दछ । शिक्षकले आफ्नो पेशालाई मर्यादित बनाउनको लागि शिक्षक, विद्यार्थी, अभिभावक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितीसँग राम्रो सहकार्य गर्नुपर्दछ । शिक्षणका क्रममा अध्ययन क्षेत्रका शिक्षकहरूले दिएका धारणाहरूको विश्लेषण गर्दा विद्यालयमा अत्याधिक विद्यार्थी चाप देखियो । कुनै पनि कक्षामा ६० जनाभन्दा विद्यार्थी कम छैनन् । विद्यार्थीहरू अव्यवस्थित ढंगले वसेका छन् । कुनैं ठाउँमा कक्षाकोठाको साइज पनि साना छन् त्यसमा त झनै समस्याहरू देखिएको छ र यसरी वसाइको व्यवस्था नमिल्दा, कक्षामा होहल्ला भई शिक्षण कार्य असफल हुन गई शिक्षणका उद्देश्यहरू पुरा सक्दैनन जसले गर्दा शिक्षण कार्य असफल हुन गई विद्यार्थीको प्रगतिमा रोकावट पैदा हुन्छ । यसरी शिक्षणका क्रममा देखिएका समस्याहरू मध्ये शिक्षकको मानिस तलव, अभिभावकको कमजोर आर्थिक अवस्था, विद्यालयको. भौतिक असुविधा, शिक्षण, सामग्रीका अभाव आदि जस्ता समस्याहरू देखियो । यसरी शिक्षकको मासिक तलवको वारेमा शिक्षकहरूसँग प्रत्यक्ष कुरा गर्दा पढाउँदा कति दुःख हुन्छ त्यस अनुसारको पारिश्रामिक नपाउँदा पनि पढाउन दिक्क लाग्ने कुरा बताए, त्यसैगरि शिक्षण गर्दा शिक्षण सामग्रीको प्रयोग गरेर गर्नुपर्दछ तर विद्यालयमा आर्थिक अभावका कारणले प्रयोगगशालामा आवश्यक सामग्रीहरूनहुँदा विद्यार्थीहरूलाई प्रयोगात्मक तरिकाले शिक्षण गर्नु नपाउँदा शिक्षण प्रभावकारी नहुने वताए ।

## ४.४ अनुशासन कायम गर्न अपनाइएका उपायहरू

कुनै पनि कार्यको थालनीदेखि अन्त्यसम्म वीचमा विभिन्न किसिमका समस्याहरू तयार वाधा अड्चहरू सृजना हुदै आएका हुन्छन् त्यो कार्य पुरा गर्न ति समस्याहरूको समाधान उपाय खोज्दै अघि वढे उद्देश्यमा पुग्न सकिन्छ । यसरी कक्षाकोठामा अनुशासनका पालना गर्दा पनि विभिन्न समस्याहरूसंग सामना गरि शिक्षण उद्देश्य द्वारा गर्न सकिन्छ । अध्ययन क्षेत्रको विद्यालयको शिक्षक र विद्यार्थीको

अनुशासनको सम्बन्धि अपेक्षा पहिचान गरे पश्चात त्यसमा देखिएका समस्यामहरूका आधारमा अपनाइएका उपायहरू निम्नाअनुसार छन् ।

### ४.४.१ विद्यार्थीलाई प्रोत्साहन तथा दण्ड दजाय

प्रोत्साहन व्यक्तिको महत्वपूर्ण पक्ष हो । व्यवहारवादी सिद्धान्तकार प्यावलभ र स्कीनरले पनि प्रोत्साहनको माध्यमबाट प्राणीका व्यवहारमा परिवर्तन गरेका छन् । त्यसैले कक्षाकोठामा पपनि विद्यार्थीलाई अनशासनमा राखि सिद्धान्तः प्रोत्साहन नितान्त आवश्यक छ । हरेका व्यक्ति प्रशंसा गरेकोमा खुसी हुन्छन् । प्रोत्साहन शिक्षण सिकाइको क्रियाकलापको प्रमुख भाग भएकोले यो विद्यार्थीका अनुशासनसँग जोडिएको छ जसले गर्दा विद्यार्थीहरूलाई सिक्ने विषवस्तु सरल र सहज लाग्छ अध्ययन क्षेत्रका विद्यार्थीहरूसँगको अर्न्तवार्ताका आधारमा विद्यार्थीहरूले धेरै जसो शिक्षकहरूको काममा राम्रो गरेमा स्वावासी दिनुहुन्छ । गृहकार्य अथवा कक्षाकोठामा राम्रो गरेमा (Good Very good and excellent दिने गरेका वताए,कक्षामाअरुको नक्कल गरेर देखाउदा पनि ठीक छ तर अलिकति मात्र भएन पछि राम्रो गर्नु भन्ने गरेका वताए भने कुनै सरहरू भने फटाफट गृहकार्य जाँच गर्ने, गृहकार्य ठीक भएमा पनि केही प्रोत्साहन नगर्न, आधार ठीक भएमा पनि यति पनि आउँदैन भनेर हप्काउने गरेको वताए ।

त्यस्तै कक्षाकोठामा अनुशासन कायम गर्न जतिसुकै पुरस्कारको मात्र कुरा गरेपनि कहिलेकाहीँ पुरस्कारसंगै दण्डको पनि आवश्यकता हुन्छ । यदि गलत गर्नेलाई विद्यार्थीको गल्तीलाई ढाकछोप गरेमा विद्यार्थीले गल्ती फेरि दोऱ्याउन सक्छ, । त्यसैले गलत गर्ने विद्यार्थीलाई दण्ड दिनुपर्दछ । तर कस्तो दण्ड दिने भन्ने कुरा हो । दण्ड पनि सवैको अगाडि वेइज्जत हुनेगरि, शारिरिक अपाङ्ग, विद्यार्थीको मस्तिष्कमा नकारात्मक असर गर्ने गरि दिनुहँदैन । दण्डका सम्बन्धमा विद्यार्थीहरूसंगको अर्न्तवार्ताको आधारमा धे्रै जसो शिक्षकले भने दण्ड सजाय नदिने गरेका वताए । तर केही शिक्षकहरूले भने पिट्ने, गाली गर्ने, गरेको वताए ।

यसप्रकार अध्ययनबाट के देखिन्छ भने धेरै जसो शिक्षकहरूले दण्ड दिने गरेको, दण्ड दिए पनि सुधारोन्मुख दिने गरेका भने कुनै शिक्षकहरूले लज्जास्पद तरिकाले दण्ड दिएको पाइयो । यसरी दण्ड दिँदा घातक हुने र विद्यार्थीले विद्यालय नै छाड्ने गरि दिनुहुँदैन ।

### ४.४.२ शिक्षक तथा विद्यार्थी आचारसंहिताको निर्माण र प्रयोग

अनुशासनलाई कायम राख्न शिक्षकको कक्षा नियमित प्रवेश देखि अन्त्य समय पाठयोजना तथा पाठको उद्देश्यको आधारमा पठन पाठन गराउन जरुरी हुन्छ । मनपरि पाठ पढाउने समयको ख्याल नगर्ने, कक्षामा मनपरि वाहिरभित्र गर्ने, आचारसंहिताको पालना नै नगरि कागजमा मात्रै सिमित राख्ने गरेमा कक्षा अनुशासनमा वाधा उत्पन्न हुने हुन्छ । अध्ययन क्षेत्रका किक्षक, विद्यार्थी, अर्न्तवार्ता प्रश्नावली र प्रत्यक्ष कक्षा अवलोकनका आधारमा केही शिक्षकहरूले मात्र विद्यालय आचारसंहितको, दैनिक पाठ्योजनको प्रयोग तथा नियमित कक्षा उपस्थित भई अध्ययन कार्य गरेका पाइयो भने वढी जसो

शिक्षकहरूले विना पूर्व तयारी वा पाठयोजना विना नै विद्यार्थीहरूको मनोभावना नवुझी अध्ययन कार्य गरिरहको पाइयो । त्यस्तै विद्यार्थीहरू पनि ५ मिनेट शिक्षक अक्षामा ढिलो आए होहल्ला गर्ने, वाहिरभित्र गर्ने) जस्ता, क्रियाकलापमा संलग्न भएको भेटियो ।

यसरी यी समस्याहरू समाधानका निम्ति विद्यालय शिक्षक तथा विद्यार्थी आचारसंहिताको निर्माण लागु गर्ने प्रयास गरिए तापनि प्रभावकारी रूपमा कार्यान्वयन भने हुन सकेको देखिदैन । त्यस्तै विद्यार्थीहरूको लागि पनि अनुशासन कायम गर्नका लागि कक्षा मनिटरिङ्गको व्यवस्था जस्ता प्रयासहरू भएको पाइयो ।

## परिच्छेद :- पाँच

## प्राप्ती, निष्कर्ष र सुझावहरू

यो अध्ययन नवलपरासी जिल्ला सुनवल  नगरपालिका क्षेत्रलाई अध्ययन केन्द्रको रूपमा लिएर उक्त क्षेत्रको एक वटा विद्यालय श्री ज्योती उच्च मा.वि का कक्षा ८ र ९ का विद्यार्थीहरू मध्ये१५ जना र अध्ययपनरत शिक्षकहरू मा सिमित रहि यो अध्ययन संचालन गरियो । यस अध्ययनमा उद्देश्यअनुरूप सूचनाहरू संकलन गर्न कक्षा अवलोकन, शिक्षकहरूसंगको  अर्न्तवार्ता साथै विद्यार्थी अर्न्तवार्ताका आधारमा शिक्षक र विद्यार्थीको अनुशासन सम्बन्धी अपेषा पहिचान गरिएको थियो । त्यस्तै गरि विद्यालयमा अनुशासनको वर्तमान अवस्थाप्रतिको दृष्टिकोण विश्लेषण अनुशासन सम्बन्धी समस्या । समाधानका उपायहरू पहिचान गरिएको थियो । उक्त सूचनाहरूबाट प्राप्त प्राप्त प्राप्ती, निष्कर्ष एवं सुझावहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ५.१ प्राप्ती

- यस अध्ययनमा उद्देश्य अनुरूप सुचनाहरू संकलन गरी विश्लेषणका र व्याख्या पश्चात प्राप्त प्राप्तहरूहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।
- अनुशासित विद्यार्थीहरूले कक्षाकोठा सफा सुग्घर रान्नुपर्ने, शिक्षकको आज्ञापालन गर्नुपर्ने, पुस्तकाकालयको नियमहरूको पालना गर्नुपर्ने जस्ता कुराहरू पाइए ।
- अनुशासित विद्यार्थीहरूमा समयमा नियमित रूपमा कक्षामा उपस्थित हुने,विद्यालयका नियमहरूको पालन गर्ने, शैक्षिक समस्या राख्नु पर्दा शिक्षक वा प्रधानाध्यापकसंग मर्यादित र अनुशासित तरिकाले राख्ने गर्छ । भने गैर अनुशासित विद्यार्थीहरू यसको ठीक विपरित गर्दछ ।
- त्यस्तैगरि अनुशासित शिक्षकहरूमा समयमा नियमित रूपमा कक्षामा उपस्थित हुने, पाठको प्रकृति र आफ्नो विषयवस्तुमा दक्ष जान्ने नजाने विद्यार्थीहरूसँग समान व्यवहार राख्ने गर्दछ भने गैर अनुशातिसत शिक्षकहरू यसको ठीक विपरित गर्दछन् ।
- विद्यार्थीहरूको संख्यात्मक स्थितिलाई हेर्दा विद्यालयको कक्षा अवलोकन तथा शिक्षकहरूको अनुसार कक्षाकोठामा शान्त भएर वस्ने विद्यार्थीहरूमा केटाभन्दा केटीहरू बढी देखिए ।
- अनुशासित र गैर अनुशासित शिक्षक र विद्यार्थीहरूको शैक्षिक उपलब्धीमा फरक पाइयो ।
- अनुशासस सुहढ रूपमा संचालन गर्न शिक्षक-विद्यार्थी, विधार्थी-विद्यार्थी वीचको सम्बन्ध, कक्षा हरेक क्रियाकलापमा विद्यार्थी-सकृयताले महत्वपूर्ण भूमिका निभाएको पाइयो ।
- कक्षामा संख्याात्मक रूपमा अनुशाशित विद्यार्थी बढी भएपनि गैर अनुशासित विद्यार्थीहरूको साथै शिक्षकहरूको  कारणले असल शिक्षक तथा विद्यार्थीले कक्षा कार्यमा बाधा रहेका देखिन आयो ।

- अन्त्यमा कक्षा अनुशासन कक्षा अनुशासन समुचित ढंगले चलाउन तथा शैक्षिक उपलब्धि हासिल गर्न प्र.अ, अभिभावक तथा वि.अ, आभिभावक तथा वि.व्य.स. द्वारा समय-समयमा कक्षा अनुगम गरी शिक्षक तथा विद्यार्थीलाई सल्लाह सुझाव दिनुपर्ने देखियो ।

## ५.२ निष्कर्ष

नवलपरासी जिल्ला सुनवल नगरपालिका वार्ड न. अन्तर्गतको एउटा विद्यालय श्री ज्योती उच्च मा.वि. का तह कक्षा ८ र ९ मा आधारित भई साथै शिक्षकहरूसँग पनि आधारित भई प्रस्तुत अध्ययन संचालन गरिएको थियो । उक्त अध्ययनको क्रममा प्राप्त सुचनाहरूको विश्लेषण एवं व्याख्या पश्चात प्राप्त प्राप्तिहरूको आधारमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

शिक्षक तथा विद्यार्थीहरूका व्यवहारलाई अनुशासनका दृष्टिले विद्यालय आचारसंहिता, प्रोत्साहन र दण्ड, गैर अनुशासित र अनुशासित आदिलाई लिन सकिन्छ । काक्षा ८ र ० का विद्यार्थीहरूको समग्र कक्षा अवलोकनका आधारमा कक्षाकोठा भित्रका व्यवहारहरूमा संख्यात्मक रूपमा असल व्यवहार गर्ने विद्यार्थी बढी देखिए पनि न्युन मात्रामा रहेका अस्वीकृत व्यवहार गर्ने विद्यार्थीहरूले अरु विद्यार्थीहरूको पठनपाठनमा वाधा परिरहेको देखियो । त्यस्तै एकदमै न्यून गैर अनुशासित शिक्षकहरूका कारणले पनि अरु शिक्षकहरूमा पनि यो रोग सर्ने देखिन्छ । समग्रमा के देखिन्छ भने यसरी विद्यार्थी र शिक्षकहरूको व्यवहारमा फरक आउनका कारण उमेरको परिपक्कतासँगै शिक्षकसँग नडराउने, शिक्षकहरू पनि विद्यार्थीहरूको भावना नबुझ्ने, घरपरिवारबाट बढी स्वतन्त्रता, आर्थिक अभाव तथा पैसाको धाकले गर्दा समेत शिक्षक र विद्यार्थीको अनुशासनको स्थिति तथा शिक्षक विद्यार्थीको व्यवहारमा फरक देखिएको पाइयो ।

## ५.३ सुझावहरू

शिक्षक तथा विद्यार्थीहरू अनुशासन सम्बन्धी अवधारणमा देखिएका व्यवहारको आधारमा उनीहरूमा राम्रो व्यवहारलाईअझ राम्रो र नराम्रो व्यवहारलाई राम्रो व्यवहारमा रूपान्तरण गर्न निम्न सुझावहरूसम्बन्धित व्यक्तिका लागि आवश्यक देखिन्छ । विद्यार्थीको अधिकांश व्यवहारमा रूपान्तरण गर्न निम्न सुझावहरूसम्बन्धित समय घरपरिवारमा वित्ने भएकाले आर्भभावकहरूबाट आफ्ना छोरीछोरीलाई राम्रो काम गर्न प्रोत्साहित र नराम्रा काम गर्न निरुसाहित गर्ने,

- अनुशासनको पाठ सिकाउँदै आएका शिक्षकले पहिला आफू अनुशाशित, फरक-फरक मनोविज्ञान बोकेका विद्यार्थीहरू माझ अध्यापन गराउँदा पहिला आफू समक्ष भई अध्ययन कार्य गराउने,
- अनुशासित क्षिक्षक तथा विद्यार्थीहरूलाई प्रोत्साहन स्वरूप पुरस्कार वा प्रमाणपत्रको व्यवस्था गरिनुपर्ने,

- विद्यार्थीको कक्षा उपलब्धी, कक्षाकोठामा गर्नै, व्यवहार, सिकाईप्रतिको चासो, आफूभन्दा ठुलासँग गर्न र सानासँग गर्ने व्यवहार, पढाई प्रतिको लगनशिलता जस्ता पक्षहरूको कक्षा शिक्षकले अभिलेख राख्नुपर्ने,
- विद्यालयमा शिक्षक र विद्यार्थी आचारसंहितको निर्माण र कायान्वयन गर्ने गराउने,
- कक्षा शिक्षकले विद्यार्थीहरूमध्येबाट विद्यार्थी नेता चयन गर्न लगाई कक्षामा शिक्षक नहुँदा असल र खराव व्यवहार गर्न विद्यार्थीहरूको अभिलेख राख्न लगाउने,
- विद्यार्थी र शिक्षक वीच सुमधुरसम्बन्ध हुनुपर्ने,
- विद्यालयमा शिक्षक कर्मचारीहरूले आफू पनि अनुशासित नमूना शिक्षकको रूपमा प्रस्तुत हुनुपर्ने,
- विद्यालय निरीक्षणको व्ववस्था समय समयमा गरिनुपर्ने,
- शिक्षा ऐन नियमावलीको पालना सरोकारवाला सबै पक्षहरूबाट हुनुपर्ने,

माथिका उललेखित सुझावहरूले अनुशासनलाई अझै उचाइमा पुऱ्याउन तथा विद्यार्थी र शिक्षकको भविष्य उज्जवल गर्न सहयोगी हुने देखिन्छ ।

## सन्दर्भग्रन्थ सुची


अभिभावक शिक्षाको परिचयात्मक तालिम पुस्तिका (२०६८) शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

ओली, सुजित (वि.सं. २०६३), *अनुशासनको अवस्था र त्यसलाई प्रभाव पार्ने तत्वहरू,* अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

कार्की, शेरसिंह (२०६८), *माध्यमिक तहमा छात्रा सहभागिताको अवस्था र त्यसलाई प्रभाव पार्ने तत्वहरू,* अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

कोइराला, विद्यानाथ (२०५७), *शिक्षामा वैकल्पिक चिन्तन,* टेकु ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर : सनलाइट पब्लिकेशन ।

गुरुकुल सन्देश (२०७०), शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

भण्डारी, जगत (वि.सं. २०६६), *माध्यमिक विद्यालय तहमा विद्यार्थी अनुशासनको अवस्था,* अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

विद्यालय शान्ति क्षेत्र र कार्यान्वयन निर्देशिका (२०६८), शिक्षा मन्त्रालय, सानोठिमी, भक्तपुर ।

शिक्षा नियमावली, शिक्षा ऐन (२०५९), पुतली सडक काठमाडौं

शैक्षिक निरीक्षण (२०६४), शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

शैक्षिक सुचना संगालो (२०६५), शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

शैक्षिक स्मारिका (२०६८), शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।

बासुदेव

२०६७, सातौं प्रकाशन), *वृहत नेपाली शब्दकोश,* काठमाडौं : साभा प्रकाशन ।

www.ehow.com/about 6465685 classroom- discipline-theories.html retrieved on July 21,2014

voices.yahoo.com/bf-skinner-theories-discipline-classroom-6238774 retrived on July,21,2014

www.publishyourarticles.net/knowledge-hub/education/what-are-the-idealisms-views-on-discipline-student-and-teacher.html retrieved on July 21,2014

www.scribd.com/doc/32595072/naturalism retrieved on July 21, 2014

www.articesbase.com/education-articles/realism-in-education-1319851.html retrieved on July 222221,2014

www.indiastudychannel.com/resources/126901-pragmatism-Utilitarian-school-philosophy.aspx retrieved on July 21,2014F

# शिक्षक अर्न्तवार्ता प्रश्नावली

१)	तपाईको विचारमा विद्यालय अनुशासनको अवस्था कस्तो हुनुपर्दछ ?

.......................................................................................

२)	शिक्षकले के कस्ता गुण भएका विद्यार्थीहरू खोज्छन् ?

...........................................................................................

३)	विद्यार्थीहरूले के कस्ता गुण भएका शिक्षकहरू खोज्छन् ?

..................................................................................

४)	विद्यार्थी शिक्षक विचको सम्बन्धले कक्षा अनुशासनमा के भूमिका खेल्दछ ?

.........................................................................................

५)	तपाईको विचारमा विद्यालयमा शिक्षकहरूका सकारात्मक र नकारात्मक व्यवहारहरू के कस्ता छन् ?

...........................................................................................

६)	विद्यालयको अनुशासन सम्बन्धमा के के पक्षहरू समावेश गर्न सकिन्छ ?

.......................................................................

७)	विद्यालयमा अनुशासन कायम गर्न के कस्ता प्रयासहरू भएका छन् ?

...................................................................................

८)	विद्यालयमा अनुशासन कायम गर्दा के कस्ता समस्याहरू आईपर्दछन् ?

.......................................................................................

९) विद्यालयमा  अनुशासन कायम गराउन के कस्ता उपायहरू अपनाउन सकिन्छ ?

........................................................................................

## विद्यार्थी अर्न्तवार्ता प्रश्नावली

१) तपाईको विचारमा विद्यालय अनुशासनको अवस्था कस्तो हुनुपर्दछ ?

.........................................................................................

२) शिक्षकले के कस्ता गुण भएका विद्यार्थीहरू खोज्छन् ?

.........................................................................................

३) विद्यार्थीहरूले के कस्ता गुण भएका शिक्षकहरू खोज्छन् ?

.........................................................................................

४) विद्यार्थी शिक्षक विचको सम्बन्धले कक्षा अनुशासनमा के भूमिका खेल्दछ ?

.........................................................................................

५) तपाईको विचारमा विद्यालयमा शिक्षकहरूका सकारात्मक र नकारात्मक व्यवहारहरू के कस्ता छन् ?

.........................................................................................

६) विद्यालयको अनुशासन सम्बन्धमा के के पक्षहरू समावेश गर्न सकिन्छ ?

.........................................................................................

७) विद्यालयमा अनुशासन कायम गर्न के कस्ता प्रयासहरू भएका छन् ?

.........................................................................................

८) विद्यालयमा अनुशासन कायम गर्दा के कस्ता समस्याहरू आईपर्दछन् ?

.........................................................................................

९) विद्यालयमा अनुशासन कायम गराउन के कस्ता उपायहरू अपनाउन सकिन्छ ?

.........................................................................................